# शिवालय  खानेपानी उपभोक्ता तथा सरसफाई संस्था
## पर्वतको विधान २०५७ मा संसोधन गरिएका बुँदाहरु

| सावकि विधान | तेश्रो संसोधित विधान (२०६७) |
|---|---|
| शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था पर्वतको विधान २०५७ | शिवालय  खानेपानी उपभोक्ता तथा सरसफाई संस्था पर्वतको विधान २०५७ |
| प्रस्तावनाः<br>घरेलु, व्यापारीक औद्योगिक तथा अन्य उपयोगको लागि नीजि क्षेत्रको सहभागितामा खानेपानी आपूर्ति तथा सरसफाई सम्बन्धी परियोजनाको निर्माण, कार्यान्वयन तथा सञ्चालन गरी विभिन्न क्षेत्रमा नियमित रुपले स्वच्छ खानेपानी तथा सरसफाई प्रणालीको समुचित व्यवस्था गरी सर्वसाधारण जनताको स्वास्थ्य र सुविधा कायम राखी बढ्दो जनसंख्याको शहरमा बसोबासका लागि उन्मूख हुने कामले वृद्धि भएको जनघनत्वको आंकक्षाको परिपुर्ति गर्ने हेतुले जनसहभागितामा खानेपानीको योजना छनौट, कार्यान्वयन र अनुगमन कार्यक्रम संञ्चालन गरी शहरी विकासमा सहयोग पुर्‍याउने उद्देश्यले २०५७ को खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विधानको उद्देश्यलाई निरन्तरता दिदैं समय र परिस्थिति अनुसार समितिलाई संस्थामा परिणत गर्न आवश्यक भएकोले “शिवालय कुश्मा खानेपानी आयोजना, खानेपानी तथा सरसफाई मूल उपभोक्ता समिति” लाई संसोधन गरि “शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था” मा परिणत गरिएको छ । | प्रस्तावनाः<br>घरेलु, व्यापारीक औद्योगिक तथा अन्य उपयोगको लागि नीजि क्षेत्रको सहभागितामा खानेपानी आपूर्ति तथा सरसफाई सम्बन्धी परियोजनाको निर्माण, कार्यान्वयन तथा सञ्चालन गरी विभिन्न क्षेत्रमा नियमित रुपले स्वच्छ खानेपानी तथा सरसफाई प्रणालीको समुचित व्यवस्था गरी सर्वसाधारण जनताको स्वास्थ्य र सुविधा कायम राखी बढ्दो जनसंख्या, जनघनत्व र शहरीकरणको अवस्थालाई दृष्टिगत गर्दा बर्तमान सामाजिक जनजीवनमा चेतना अभिवृद्धि गर्दै जनश्रम, जनसहभागिताको परिचालनबाट स्थानिय विकास, निर्माणका कामहरुलाई विभिन्न सामाजिक संघ, संस्था, दातृसंस्थाहरु र सरकार समेतको सहयोग लिई स्थानिय विकास निर्माणका कामहरुलाई स्थानीय रुपबाटै योजनाबद्ध र सुव्यवस्थित तरिकाबाट परिचालन गर्दै यस कुश्मा नगरलाई सुलभ, सुविधायुक्त, आधुनिक, सभ्य र आदर्श नगरका रुपमा परिणत गर्नु हाम्रो सामाजिक दायित्व हो । यसै प्रसङ्गमा यहाँका वासिन्दालाई स्वच्छ, सफा र प्रशोधित खानेपानी उपलब्ध गराउनु र फोहोर जन्य वस्तु तथा प्रदुषित वातावरणका कारण विभिन्न संक्रामक तथा भयावय रोगबाट जनस्वास्थ्यमा पर्ने प्रतिकुल प्रभावबाट बचाउने उद्देश्यले शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको विधानको उद्देश्यलाई निरन्तरता दिंदै शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्था को बिधान तर्जुमा गरि लागु गरिएको छ । |
| □□□□□□□□□□<br>परिच्छेद-१ | □□□□□□□□□□<br>परिच्छेद-१ |
| १.१. संक्षिप्त नाम र प्रारम्भ : | १.१. संक्षिप्त नाम र प्रारम्भ : |
| १.१.१ यस विधानको नाम “शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा  सरसफाई संस्थाको विधान २०५७” हुनेछ । | १.१.१ यस विधानको नाम शिवालय खानेपानी उपभोक्ता तथा  सरसफाई संस्थाको विधान २०५७” हुनेछ । |
| १.१.२ यो साविक विधान जलश्रोत नियमावली २०४९ को नियम ८ बमोजिम गठन भएको पर्वत जिल्ला जलश्रोत समितिबाट शिवालय कुश्मा खानेपानी तथा सरसफाई उपयोग सम्बन्धी स्वीकृति भएको मिति देखि प्रारम्भ भएको मानिने छ । | |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| | १.१.२ यो साविक विधान जलश्रोत नियमावली २०४९ को नियम ८ बमोजिम गठन भएको पर्वत जिल्ला जलश्रोत समितिबाट खानेपानी तथा सरसफाई उपयोग सम्बन्धी स्वीकृति भएको मिति देखि प्रारम्भ भएको मानिने छ । |
| १.२. परिभाषा : | १.२. परिभाषा : |
| **१.२.१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा** | **१.२.१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा** |
| १.२.१. **"विधान"** भन्नाले शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको विधान २०५७ हुनेछ । | १.२.१. **"विधान"** भन्नाले शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको विधान २०५७ हुनेछ । |
| १.२.२. **"संस्था"** भन्नाले जलश्रोत ऐन, २०४९ र खानेपानी नियमावली २०५५ ले तोकिए अनुसार यस विधान बमोजिम गठन भएको शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थालाई जनाउँनेछ । | १.२.२. **"संस्था"** भन्नाले जलश्रोत ऐन, २०४९ र खानेपानी नियमावली २०५५ ले तोकिए अनुसार यस विधान बमोजिम गठन भएको शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थालाई जनाउँनेछ । |
| १.२.३. **"कार्यकारी समिति"** भन्नाले विधानको परिच्छेद ७ बमोजिम गठित कार्यकारी समितिलाई सम्झनुपर्दछ । यो शब्दले कार्यकारी समितिको निर्वाचन नभएसम्मका लागि तदर्थ कार्यकारी समितिलाई समेत जनाँदछ । | १.२.३. **"कार्यकारी समिति"** भन्नाले विधानको परिच्छेद ७ बमोजिम गठित कार्यकारी समितिलाई सम्झनुपर्दछ । |
| १.२.४. **"अध्यक्ष"** भन्नाले यस विधाान बमोजिम गठित कार्यकारी समितिको अध्यक्षलाई जनाउनेछ । | १.२.४. **"अध्यक्ष"** भन्नाले यस विधान बमोजिम गठित कार्यकारी समितिको अध्यक्षलाई जनाउनेछ । |
| १.२.५. **"उपाध्यक्ष"** भन्नाले यस विधान बमोजिम गठित कार्यसमिति, समितिको उपाध्यक्षलाई जनाउँनेछ । | १.२.५. **"उपाध्यक्ष"** भन्नाले यस विधान बमोजिम गठित कार्यसमिति, समितिको उपाध्यक्षलाई जनाउँनेछ । |
| १.२.६. **"सचिव"** भन्नाले यस विधान बमोजिम गठित कार्यकारी समितिको सचिवलाई जनाउँनेछ । | १.२.६. **"सचिव"** भन्नाले यस विधान बमोजिम गठित कार्यकारी समितिको सचिवलाई जनाउँनेछ । |
| १.२.७. **"कोषाध्यक्ष"** भन्नाले यस विधान बमोजिम गठित कार्यकारी समितिको कोषाध्यक्षलाई जनाउँनेछ । | १.२.७. **"कोषाध्यक्ष"** भन्नाले यस विधान बमोजिम गठित कार्यकारी समितिको कोषाध्यक्षलाई जनाउँनेछ । |
| १.२.८. **"सदस्य"** भन्नाले यो विधान बमोजिम गठित कार्यसमितिको पदाधिकारी सदस्य समेतलाई जनाउनेछ । | १.२.८. **"सदस्य"** भन्नाले यो विधान बमोजिम गठित कार्यसमितिको पदाधिकारी सदस्य समेतलाई जनाउनेछ । |
| १.२.९. **"उपभोक्ता"** भन्नाले यस विधान बमोजिम गठित उपभोक्ता सदस्य खानेपानी तथा सरसफाई उपलब्ध गराइएको सेवा उपभोग गर्ने व्यक्ति वा निकायलाई जनाउनेछ । | १.२.९. **"उपभोक्ता"** यस संस्थाबाट खानेपानी तथा सरसफाई उपलब्ध गराइएको सेवा उपभोग गर्ने व्यक्ति वा निकायलाई जनाउनेछ । |
| १.२.१०.**"सेवा"** भन्नाले यस विधान बमोजिम गठित उपभोक्ता संस्थाले उपभोक्ताहरुलाई उपलब्ध गराएको खानेपानी तथा सरसफाई सेवा सम्झनु पर्दछ । | १.२.१०.**"सेवा"** भन्नाले यस विधान बमोजिम गठित उपभोक्ता संस्थाले उपभोक्ताहरुलाई उपलब्ध गराएको खानेपानी तथा सरसफाई सेवालाई सम्झनु पर्दछ । |
| १.२.११.**"खानेपानी"** भन्नाले घरेलु व्यापारिक औद्योगिक तथा अन्य उपयोगको निमित्त प्रशोधन गरी वा नगरी एकमुष्ठ वा पृथक | १.२.११.**"खानेपानी"** भन्नाले घरेलु व्यापारिक औद्योगिक तथा अन्य उपयोगको निमित्त |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| पृथक गरी संस्थाले वितरण गरेको स्वच्छ स्वस्थ खानेपानीलाई जनाउँनेछ । | प्रशोधन गरी वा नगरी एकमुष्ठ वा पृथक पृथक गरी संस्थाले वितरण गरेको स्वच्छ स्वस्थ खानेपानीलाई जनाउँनेछ । |
| १.२.१२ **“जलश्रोत”** भन्नाले भू-सतहमा वा भुमिगत रुपमा रहेको वा अन्य जुनसुकै अवस्थामा रहेको प्राकृतिक पानीलाई जनाउँनेछ । | १.२.१२ **“जलश्रोत”** भन्नाले भू-सतहमा वा भुमिगत रुपमा रहेको वा अन्य जुनसुकै अवस्थामा रहेको प्राकृतिक पानीको श्रोतलाई जनाउँनेछ । |
| १.२.१३.**“आयोजना”** भन्नाले यस संस्थाले सञ्चालन गर्ने खानेपानी/सरसफाई सम्बन्धी आयोजनालाई जनाउँनेछ । | १.२.१३.**“आयोजना”** भन्नाले यस संस्थाले सञ्चालन गर्ने खानेपानी/सरसफाई सम्बन्धी आयोजनालाई जनाउँनेछ । |
| १.२.१४ **“सेवा शुल्क”** भन्नाले सेवा उपभोग गरे बापत उपभोक्ताले संस्थालाई बुझाउनुपर्ने सेवा शुल्कलाई जनाउँनेछ । सो शब्दले विलम्ब शुल्क लगायत अन्य शुल्क समेतलाई जनाउँनेछ । | १.२.१४ **“सेवा शुल्क”** भन्नाले सेवा उपभोग गरे बापत उपभोक्ताले संस्थालाई बुझाउनुपर्ने सेवा शुल्कलाई जनाउँनेछ । सो शब्दले विलम्ब शुल्क लगायत अन्य शुल्क समेतलाई जनाउँनेछ । |
| १.२.१५. **“महशुल”** भन्नाले संस्थाको कार्यकारी समितिले खानेपानी तथा सरसफाई आपूर्ति सम्बन्धी सेवा उपलब्ध गराए बापत त्यस्तो सेवा उपभोग गर्ने उपभोक्ताबाट लिइने शुल्कलाई जनाउँनेछ । | १.२.१५. **“महशुल”** भन्नाले संस्थाको कार्यकारी समितिले खानेपानी तथा सरसफाई आपूर्ति सम्बन्धी सेवा उपलब्ध गराए बापत त्यस्तो सेवा उपभोग गर्ने उपभोक्ताबाट लिइने शुल्कलाई जनाउँनेछ । |
| १.२.१६. **“संरचना”** भन्नाले श्रोतबाट खानेपानी जम्मा गर्न, नियन्त्रण गर्न, संरक्षण एवं सम्वर्द्धन गर्न वा वितरण गर्न बनाइएको जलाशाय र सो जलाशायले चर्चेको क्षेत्र सम्झनुपर्दछ र सो शब्दले त्यस्तै उद्देश्यले बनाइएका पानी ट्यांकी, पाइपलाइन, निकास, धारा वा अन्य यस्तै प्रकारका अन्य संरचना समेतलाई जनाउनेछ । | १.२.१६. **“संरचना”** भन्नाले श्रोतबाट खानेपानी जम्मा गर्न, नियन्त्रण गर्न, संरक्षण एवं सम्वर्द्धन गर्न वा वितरण गर्न बनाइएको जलाशाय र सो जलाशायले चर्चेको क्षेत्र सम्झनुपर्दछ र सो शब्दले त्यस्तै उद्देश्यले बनाइएका पानी ट्यांकी, पाइपलाइन, निकास, धारा वा अन्य यस्तै प्रकारका अन्य संरचना समेतलाई जनाउनेछ । |
| १.२.१७. **“सर्वेक्षण”** भन्नाले संरचनाको निर्माण, संरचना निर्माण गर्दा पर्ने वातावरणीय असर, श्रोतबाट वितरण गर्नसक्ने खानेपानीको परिमाण, लाभान्वित हुने परिवार तथा सदस्य संख्या समेतको विश्लेषण गरी खानेपानी तथा सरसफाई संस्था समेतको विश्लेषण गरी खानेपानी तथा सरसफाई उपयोगको लागि गरिने सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ्ग डिजाइनको कार्य र त्यस्तोको लागि गरिने अन्वेषकको कार्य समेतलाई जनाउँनेछ । | १.२.१७. **“सर्वेक्षण”** भन्नाले संरचनाको निर्माण, संरचना निर्माण गर्दा पर्ने वातावरणीय असर, श्रोतबाट वितरण गर्नसक्ने खानेपानीको परिमाण, लाभान्वित हुने परिवार तथा सदस्य संख्या समेतको विश्लेषण गरी खानेपानी तथा सरसफाई संस्था समेतको विश्लेषण गरी खानेपानी तथा सरसफाई उपयोगको लागि गरिने सम्भाव्यता अध्ययन,विस्तृत इन्जिनियरिङ्ग डिजाइनको कार्य र तत् सम्बन्धि गरिने अन्वेषणको कार्य समेतलाई जनाउँनेछ । |
| १.२.१८. **“सम्झौता”** भन्नाले संस्थाले परियोजनाको निर्माण कार्यान्वयन तथा सञ्चालन गर्न नेपाल सरकार, संस्था तथा अन्य कुनै निकायहरुसंग संस्थाको कार्यकारी समिति बीच भएको सम्झौतालाई जनाउँनेछ । | १.२.१८. **“सम्झौता”** भन्नाले संस्थाले परियोजनाको निर्माण कार्यान्वयन तथा सञ्चालन गर्न नेपाल सरकार, संस्था तथा अन्य कुनै निकायहरुसंग संस्थाको कार्यकारी समिति बीच भएको सम्झौतालाई जनाउँनेछ । |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| १.२.१९ **"ऋण"** भन्नाले संस्थाले कुनै चल अचल सम्पत्ति धितोमा राखी वा नराखी, जमानी दिई वा नदिई कुनै पनि परियोजनाको निर्माण, सम्भार मर्मत तथा सञ्चालन गर्न नेपाल सरकार वा कानून बमोजिम गठित कुनै संघ संस्थाहरुबाट तोकिएको अवधिमा सावाँ व्याज समेत फिर्ता गर्ने गरि लिएको रकमलाई जनाउँनेछ । | १.२.१९ **"ऋण"** भन्नाले संस्थाले कुनै चलअचल सम्पत्ति धितोमा राखी वा नराखी, जमानी दिई वा नदिई कुनै पनि परियोजनाको निर्माण, सम्भार मर्मत तथा सञ्चालन गर्न नेपाल सरकार वा कानून बमोजिम गठित कुनै संघ संस्थाहरुबाट तोकिएको अवधिमा सावाँ व्याज समेत फिर्ता गर्ने गरि लिएको रकमलाई जनाउँनेछ । |
| १.२.२०. **"साधारण सभा"** भन्नाले संस्थाको साधारण सभालाई जनाउँनेछ । सो शब्दले संस्थाको विशेष साधारण सभालाई समेत जनाउँनेछ । | १.२.२०. **"साधारण सभा"** भन्नाले संस्थाको साधारण सभालाई जनाउँनेछ । सो शब्दले संस्थाको विशेष साधारण सभालाई समेत जनाउँनेछ । |
| १.२.२१. **"आर्थिक वर्ष"** भन्नाले श्रावण १ गते देखि असार मसान्तसम्मको समयलाई वा नेपाल सरकारले तोकेअनुसारको आर्थिक वर्षलाई जनाउनेछ । | १.२.२१. **"आर्थिक वर्ष"** भन्नाले श्रावण १ गते देखि असार मसान्तसम्मको समय वा नेपाल सरकारले निर्धारण गरे अनुसारको आर्थिक वर्षलाई जनाउनेछ । |
| १.२.२२. **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले जलश्रोत ऐन, २०४९, खानेपानी नियमावली २०५५ र जलश्रोत नियमावली २०५० मा तोकिएको र अन्यको हकमा यस विधान अन्तरगत बनेको नियम, विनियममा तोकिएको जनाउँनेछ । | १.२.२२. **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले जलश्रोत ऐन, २०४९, खानेपानी नियमावली २०५५ र जलश्रोत नियमावली २०५० मा तोकिएको र अन्यको हकमा यस विधान अन्तरगत बनेको नियम, विनियममा तोकिएको जनाउँनेछ । |
| १.२.२३. **"कर्मचारी"** भन्नाले संस्थाको दैनिक कार्य सञ्चालन गर्नका निमित्त नियुक्ति गरिएका कर्मचारीहरुलाई जनाउँनेछ । | १.२.२३. **"कर्मचारी"** भन्नाले संस्थाको दैनिक कार्य सञ्चालन गर्नका निमित्त नियुक्ति गरिएका कर्मचारीहरुलाई जनाउँनेछ । |
| १.२.२४.**"सचिवालय"** भन्नाले विधानको धारा १०.१ मा व्यवस्था भएको दैनिक प्रशासन सञ्चालन गर्ने सचिवालयलाई जनाउँनेछ । | १.२.२४.**"सचिवालय"** भन्नाले विधानको धारा १०.१ मा व्यवस्था भएको दैनिक प्रशासन सञ्चालन गर्ने सचिवालयलाई जनाउँनेछ । |
| १.२.२५.**"समिति"** भन्नाले शिवालय कुश्मा खानेपानी तथा सरसफाई संस्थाको कार्यकारिणी समितिलाई जनाउँदछ । | १.२.२५.**"समिति"** भन्नाले शिवालय खानेपानी तथा सरसफाई संस्थाको कार्यकारि समितिलाई जनाउँदछ । |
| | १.२.२६. **"उप समिति"** भन्नाले संस्थाको उद्धेश्य प्राप्तीका लागि कार्य समितिले आफुमा निहित आंशिक अधिकार प्रत्यायोजन गरि बनाईएको समितिलाई जनाउँनेछ । |
| परिच्छेद-२ | परिच्छेद-२ |
| २.१. संस्थाको स्थापना : | २.१. संस्थाको स्थापना : |
| २.१.१.नेपाल सरकारले तोकिएको वा कार्यकारी समितिले तोकिएको क्षेत्रमा सामुहिक लाभको दृष्टिकोणले स्वच्छ खानेपानीको आपूर्ति गर्न तथा सरसफाई व्यवस्थाको समुचित व्यवस्था गर्नको लागि शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको स्थापना गरिएको छ । | २.१.१.नेपाल सरकारले तोकिएको वा कार्यकारी समितिले तोकिएको क्षेत्रमा सामुहिक लाभको दृष्टिकोणले स्वच्छ खानेपानीको आपूर्ति गर्न तथा सरसफाई व्यवस्थाको समुचित व्यवस्था |
| २.१.२ संस्थाको कार्यालय शिवालय गा.वि.स. कुश्मा पर्वतमा रहनेछ र कार्यकारी समितिबाट निर्णय | |

| सावीक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| गरी आवश्यकताअनुसार अन्य शाखा<br>कार्यालयहरु थप गर्न सकिनेछ ।<br>२.२. संस्था संगठित संस्था हुने :<br>२.२.१ उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारीवाला, स्वाशासित संगठित संस्था हुनेछ ।<br>२.२.२. संस्थाको सम्पूर्ण काम कारवाहीको निमित्त आफ्नो छुट्टै गोलाकारमा माथी शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था २०५७, तल गोलाकारमा अंग्रेजीमा क्ज्क्ष्बिब्ब्ठ प्कज्ञ्ब ध्ब्त्भ्च क्ष्एएीथ ब्ल्म क्ब्ल्क्ष्त्ब्क्ष्इल ग्कभ्च्क इच्न्ब्ल्क्ष्श्ब्क्ष्इल्क(द्दण्छठ बीचमा एक हातले बन्द गर्दै गरेको धारा र तल संरक्षण गरौं भनी लेखिएको अनुसुची १ मा उल्लेख भए अनुसार एउटा छाप हुनेछ ।<br>२.२.३. संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।<br>२.२.४. संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर गर्न सक्नेछ ।<br><br>परिच्छेद-३<br>३.१. संस्थाको उद्देश्य :<br>प्रचलित ऐन, कानून तथा समय समयमा दिइएको नेपाल सरकारको निर्देशनको अधिनमा रही आवश्यकताअनुसार सम्बन्धित निकायहरुसंग समन्वय राखी कार्यहरु गर्ने गरी संस्थाका निम्नलिखित उद्देश्यहरु रहनेछन् ।<br>३.१.१, घरेलु, व्यापारिक, औद्योगिक तथा अन्य उपभोगको लागि खानेपानी तथा सरसफाई सम्बन्धी आयोजना तर्जुमा गर्ने र आयोजनाको निर्माण सञ्चालन, मर्मत तथा सम्भार र विस्तार गरी नियमित रुपमा स्वच्छ स्वास्थ्य र गुणस्तरयुक्त खानेपानी आपूर्ति गरी आयोजना कार्यान्वयन गर्ने गराउने ।<br>३.१.२. आयोजना क्षेत्रभित्र रहेका पुरानो खानेपानी प्रणालीको उचित संम्भार र संरक्षण गर्दै खानेपानी तथा सरसफाई आयोजनाको दिगो सञ्चालन, व्यवस्थापन गरी न्यून आय भएका समुदायका लागि समेत खानेपानी तथा सरसफाईको सेवा उपलब्ध गर्ने, गराउने । | गर्नको लागि शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको स्थापना गरिएको छ ।<br>२.१.२ संस्थाको कार्यालय शिवालय-६ कुश्मा पर्वतमा रहनेछ ।<br>२.२. संस्था संगठित संस्था हुने :<br>२.२.१ उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारीवाला, स्वाशासित संगठित संस्था हुनेछ ।<br>२.२.२. संस्थाको सम्पूर्ण काम कारवाहीको निमित्त आफ्नो छुट्टै गोलाकारमा माथी शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था २०५७, तल गोलाकारमा अंग्रेजीमा क्ज्क्ष्बिब्ब्ठ ध्ब्त्भ्च क्ष्एएीथ ब्ल्म क्ब्ल्क्ष्त्ब्क्ष्इल ग्कभ्च्क इच्न्ब्ल्क्ष्श्ब्क्ष्इल्क(द्दण्छठ बीचमा एक हातले बन्द गर्दै गरेको धारा र तल संरक्षण गरौं भनी लेखिएको अनुसुची १ मा उल्लेख भए अनुसार एउटा छाप हुनेछ ।<br>२.२.३. संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।<br>२.२.४. संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर गर्न सक्नेछ ।<br><br>परिच्छेद-३<br>३.१. संस्थाको उद्देश्य :<br>प्रचलित ऐन, कानून तथा समय समयमा दिइएको नेपाल सरकारको निर्देशनको अधिनमा रही आवश्यकताअनुसार सम्बन्धित निकायहरुसंग समन्वय राखी कार्यहरु गर्ने गरी संस्थाका निम्नलिखित उद्देश्यहरु रहनेछन् ।<br>३.१.१, घरेलु, व्यापारिक, औद्योगिक तथा अन्य उपभोगको लागि खानेपानी तथा सरसफाई सम्बन्धी आयोजना तर्जुमा गर्ने र आयोजनाको निर्माण सञ्चालन, मर्मत तथा सम्भार र विस्तार गरी नियमित रुपमा स्वच्छ, स्वस्थ र गुणस्तरयुक्त खानेपानी आपूर्ति गरी आयोजना कार्यान्वयन गर्ने गराउने ।<br>३.१.२. आयोजना क्षेत्रभित्र रहेका पुरानो खानेपानी प्रणालीको उचित संम्भार र संरक्षण गर्दै खानेपानी तथा सरसफाई आयोजनाको दिगो सञ्चालन, व्यवस्थापन गरी न्यून आय भएका |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| ३.१.३.खानेपानी श्रोत तथा विवरण र सरसफाई सम्बन्धी अध्ययन, अनुसन्धान सर्बेक्षण गरी श्रोत देखि वितरण स्थलसम्मको बाटो निर्धारण गर्ने र सो को रेखाङ्कन गरी खानेपानीका संरचना तथा सरसफाई सम्बन्धी कामको लागि आवश्यक हुने निर्माण कार्य गर्ने,<br>३.१.४. संस्थाले आयोजना सञ्चालन गर्दा संस्थालाई अचल सम्पत्ति आवश्यक भए प्रचलित कानून बमोजिम अचल सम्पत्ति अधिग्रहण गरी आयोजनालाई व्यवस्थीत किसिमबाट सञ्चालन गर्ने, गराउने ।<br>३.१.५.खानेपानी आपूर्ति तथा सरसफाई आयोजनाको आयोजना सञ्चालन, हस्तान्तरण तथा नेपाल सरकारले तोकिदिएको खानेपानी तथा सरसफाई सम्बन्धी विकास परियोजना सञ्चालन गर्ने, गराउने ।<br>३.१.६. खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराए बापत त्यस्तो सेवा प्राप्त गर्ने व्यक्ति वा निकाय तथा उपभोक्ताबाट संस्थाले तोकेको दरमा महसुल शुल्क विलम्ब शुल्क आदि लिई सेवा प्रदान गर्ने, गराउने ।<br>३.१.७. संस्थाले सञ्चालन गरको खानेपानी तथा सरसफाई आयोजनाका सम्बन्धमा संस्था र नेपाल सरकार, दातृ निकाय संघसंस्था तथा नेपाल सरकारको स्वीकृति लिई प्राप्त अन्तर्राष्ट्रिय ऋण अनुदान, अन्य निकायहरुका बीच भएका सम्झौता बमोजिम सम्पन्न गर्नुपर्ने कार्यहरु गर्ने गराउने ।<br>३.१.८.संस्थाले सञ्चालन गरको खानेपानी तथा सरसफाईको उपयोगको सम्बन्धमा आवश्यक शर्तहरु तोक्ने, दुरुपयोग हुन नदिई प्रदुषण नियन्त्रण गर्न र उपभोक्ताहरुद्वारा आवश्यक सेवा प्राप्तीका लागि दिइने निवेदनहरु यस संस्थाको विधानमा उल्लेख भएको अनुसुची अनुसारका ढाँचामा निवेदन दिनुपर्ने, साथै उक्त निवेदनका ढाँचाहरु यस विधानको अनुसुचीमा उल्लेख गरेअनुसार हुनेछन् ।<br>३.१.९. खानेपानी तथा सरसफाई निकासको लागि पाइपलाईनको आवश्यक मर्मत तथा सम्भार गर्ने गराउने ।<br>३.१.१०. नेपाल सरकाले खानेपानीका लागि निर्धारण गरेको गुणस्तरको पानी सरह संस्थाले | समुदायका लागि समेत खानेपानी तथा सरसफाईको सेवा उपलब्ध गर्ने, गराउने ।<br>३.१.३.खानेपानी श्रोत तथा विवरण र सरसफाई सम्बन्धी अध्ययन, अनुसन्धान सर्बेक्षण गरी श्रोत देखि वितरण स्थलसम्मको बाटो निर्धारण गर्ने र सो को रेखाङ्कन गरी खानेपानीका संरचना तथा सरसफाई सम्बन्धी कामको लागि आवश्यक हुने निर्माण कार्य गर्ने,<br>३.१.४. संस्थाले आयोजना सञ्चालन गर्दा संस्थालाई अचल सम्पत्ति आवश्यक भए प्रचलित कानून बमोजिम अचल सम्पत्ति अधिग्रहण गरी आयोजनालाई व्यवस्थीत किसिमबाट सञ्चालन गर्ने, गराउने ।<br>३.१.५.खानेपानी आपूर्ति तथा सरसफाई आयोजनाको आयोजना सञ्चालन, हस्तान्तरण तथा नेपाल सरकारले तोकिदिएको खानेपानी तथा सरसफाई सम्बन्धी विकास परियोजना सञ्चालन गर्ने, गराउने ।<br>३.१.६. खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराए बापत त्यस्तो सेवा प्राप्त गर्ने व्यक्ति वा निकाय तथा उपभोक्ताबाट संस्थाले तोकेको दरमा महसुल शुल्क, विलम्ब शुल्क आदि लिई सेवा प्रदान गर्ने, गराउने ।<br>३.१.७. संस्थाले सञ्चालन गरको खानेपानी तथा सरसफाई आयोजनाका सम्बन्धमा संस्था र नेपाल सरकार, दातृ निकाय संघसंस्था तथा नेपाल सरकारको स्वीकृति लिई प्राप्त अन्तर्राष्ट्रिय ऋण अनुदान, अन्य निकायहरुका बीच भएका सम्झौता बमोजिम सम्पन्न गर्नुपर्ने कार्यहरु गर्ने गराउने ।<br>३.१.८.संस्थाले सञ्चालन गरको खानेपानी तथा सरसफाईको उपयोगको सम्बन्धमा आवश्यक शर्तहरु तोक्ने, दुरुपयोग हुन नदिई प्रदुषण नियन्त्रण गर्न र उपभोक्ताहरुद्वारा आवश्यक सेवा प्राप्तीका लागि दिइने निवेदनहरु यस संस्थाको विधानमा उल्लेख भएको अनुसुची अनुसारका ढाँचामा निवेदन दिनुपर्ने, साथै उक्त निवेदनका ढाँचाहरु यस विधानको अनुसुचीमा उल्लेख गरेअनुसार हुनेछन् ।<br>३.१.९. खानेपानी तथा सरसफाई निकासको लागि पाइपलाईनको आवश्यक मर्मत तथा सम्भार गर्ने गराउने । |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| उपभोक्ताहरुलाई खानेपानी उपलब्ध गर्ने, गराउने ।<br>३.१.११. संस्थाले कुनै चल अचल सम्पत्ति धितो बन्धक वा अन्य कुनै आवश्यक संरक्षण तथा जमानत दिई वा नदिई कुनै सरकारी वा गैरसरकारी निकायसंग ऋण लिई आयोजनाको निर्माण कार्यान्वयन तथा सञ्चालन गर्ने गराउने ।<br>३.१.१२. संस्थाको उद्देश्य पूर्तिका लागि आवश्यक पर्ने अन्य सम्पूर्ण कार्य गर्ने, गराउने ।<br>परिच्छेद-४<br>४.१. कार्यक्षेत्र (सेवाक्षेत्र) :<br>यस संस्थाको कार्यक्षेत्र वा सेवाक्षेत्र भित्र निम्न स्थानमा रहेका पानीका मुहानहरु र त्यहाँसम्मका क्षेत्रहरु पर्नेछन् ।<br>४.१.१. शिवालय कुश्मा खानेपानी आयोजनाको मुहान खुर्कोट गा.वि.स.को वडा नं. ६ रीठे खोला ।<br>४.१.२. दुर्लुङ गा.वि.स.को वडा नं. ५ फाप्रे खोला ।<br>४.१.३.शिवालय गा.वि.को वडा नं. ९ डम्डारे खोला ।<br>४.१.४बाजुङ्ग गा.वि.स.को वडा नं. ६ र क्याङ्ग गा.वि.स.को पातीखोला टिमुरे मुहान ।<br>४.१.५.बाजुङ्ग गा.वि.स. वडा नं. ६ र क्याङ्ग गा.वि.स.को पातीखोलाबाट ल्याउने पानीका सम्बन्धमा बाजुङ्ग दुर्लुङ्ग र चुवा गा.वि.स. समेत यो आयोजनाको प्रसारण लाईन र सो लाइनमा पर्ने सम्पूर्ण संरचना यस संस्थाको कार्य क्षेत्र अन्तरगत रहनेछन् । तथा ति मुहानहरुको संरक्षण र समुचित सम्वर्द्धन गर्ने कार्य पनि यस संस्थाको कार्यक्षेत्रभित्र पर्दछन् ।<br>४.१.६. खुर्कोट गा.वि.स. वडा नं. ५ बाट आइरहेको पुरानै रिठेखोला पानीको श्रोत ।<br>४.१.७.दुर्लुङ गा.वि.स.बाट आइरहेको पुरानै फाप्रे खोलाको पानीको श्रोत ।<br>४.१.८.वितरण क्षेत्र तर्फ शिवालय गा.वि.स. अन्तर्गतका वार्ड १ देखि ९ नं. सम्मका क्षेत्रहरु सबैलाई यस संस्थाको कार्यक्षेत्र वा सेवा क्षेत्र मानिनेछ । यसै सन्दर्भमा सेवा क्षेत्र भनी किटान गरिएका सबै स्थानहरुमा आयोजनाको प्रारम्भिक सर्भेमा नपरेका क्षेत्रमा भने यस संस्थाले कार्य सञ्चालनका लागि कार्य क्षेत्र मानिने छैन यद्यपी प्राविधिक रुपले | ३.१.१०. नेपाल सरकाले खानेपानीका लागि निर्धारण गरेको मापदण्ड अनुसारको खानेपानी उपलब्ध गराउने ।<br>३.१.११. संस्थाले कुनै चल अचल सम्पत्ति धितो बन्धक वा अन्य कुनै आवश्यक संरक्षण तथा जमानत दिई वा नदिई कुनै सरकारी वा गैरसरकारी निकायसंग ऋण लिई आयोजनाको निर्माण कार्यान्वयन तथा सञ्चालन गर्ने गराउने ।<br>३.१.१२. संस्थाको उद्देश्य पूर्तिका लागि आवश्यक पर्ने अन्य सम्पूर्ण कार्य गर्ने, गराउने । तथा संस्था विरुद्ध भएका गतिविधि र कार्यहरुका विरुद्ध व्यक्तिसरह सम्बन्धित निकायमा प्रतिरोध र पुर्पक्ष गर्ने ।<br>३.१.१३ संस्थाको कोष बृद्धिका लागि विभिन्न बित्तिय उपायहरुको खोजी गर्ने ।<br>परिच्छेद-४<br>४.१. कार्यक्षेत्र (सेवाक्षेत्र) :<br>यस संस्थाको कार्यक्षेत्र वा सेवाक्षेत्र भित्र निम्न स्थानमा रहेका पानीका मुहानहरु र त्यहाँसम्मका क्षेत्रहरु पर्नेछन् ।<br>४.१.१. शिवालय कुश्मा खानेपानी आयोजनाको मुहान खुर्कोट गा.वि.स.को वडा नं. ६ रीठे खोला ।<br>४.१.२. दुर्लुङ गा.वि.स.को वडा नं. ५ फाप्रे खोला ।<br>४.१.३.शिवालय गा.वि.को वडा नं. ९ डम्डारे खोला ।<br>४.१.४बाजुङ्ग गा.वि.स.को वडा नं. ६ र क्याङ्ग गा.वि.स.को पातीखोला टिमुरे मुहान ।<br>४.१.५.बाजुङ्ग गा.वि.स. वडा नं. ६ र क्याङ्ग गा.वि.स.को पातीखोलाबाट ल्याउने पानीका सम्बन्धमा बाजुङ्ग दुर्लुङ्ग र चुवा गा.वि.स. समेत यो आयोजनाको प्रसारण लाईन र सो लाइनमा पर्ने सम्पूर्ण संरचना यस संस्थाको कार्य क्षेत्र अन्तरगत रहनेछन् । तथा ति मुहानहरुको संरक्षण र समुचित सम्वर्द्धन गर्ने कार्य पनि यस संस्थाको कार्यक्षेत्रभित्र पर्दछन् ।<br>४.१.६. खुर्कोट गा.वि.स. वडा नं. ५ बाट आइरहेको पुरानै रिठेखोला पानीको श्रोत ।<br>४.१.७.दुर्लुङ गा.वि.स.बाट आइरहेको पुरानै फाप्रे खोलाको पानीको श्रोत ।<br>४.१.८.वितरण क्षेत्र तर्फ शिवालय गा.वि.स. |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| कठिनाई र भौगोलिक तवरबाट समेट्न नसकेका स्थानहरुलाई सम्बन्धित क्षेत्रका उपभोक्ताहरुको सहयोग तथा जनसहभागिता एवं दातृ संस्थाको सहकार्यमा त्यस्ता ठाउँहरुमा पनि सेवाका लागि निरन्तरता दिइनेछ र सेवाकार्यको सेवा दिने गरी यस संस्थाले कार्य गर्नेछ ।<br><br>परिच्छेद-५,<br>सदस्यता<br>**५.१.संस्थामा देहाय बमोजिमका सदस्य हुन सक्नेछन्:**<br>५.१.१. यस विधानको धारा ५.३ र ५.४ को परिधिभित्र रही संस्थाको कार्यक्षेत्र भित्रका सेवा उपयोग गर्ने स्वास्थ्य चौकी, सामाजिक संघ संस्था, दैवी प्रकोपको कारणले अस्थायीरुपमा खडा गरिएको शिविर, विद्यालय, सरकारी वा गैरसरकारी कार्यालय, उद्योग, कारखाना तथा सर्वसाधारण नागरिकलाई साधारण सदस्य प्रदान गर्न सक्नेछ । समान्यतया जसको नाममा धारा जडान भएको छ, सोही व्यक्ति र उद्योग व्यवसाय, सरकारी कार्यालय तथा संघ संस्थाको हकमा कार्यालयको प्रमुख वा नीजले तोकोको व्यक्तिलाई यस संस्थाको साधारण सदस्यता प्रदान गरिनेछ साथै सामुदायिक धाराका हकमा भने सो धाराका अध्यक्षलाई प्रदान गर्न सकिनेछ ।<br>५.१.२. आजीवन सदस्य :-<br>संस्थाको साधारण सदस्यता प्राप्त गरिसकेका व्यक्तिलाई कार्यकारी समितिको निर्णयअनुसार रु.१०००।- शुल्क लिई आजीवन सदस्यता प्रदान गरिनेछ । तर निजको नाउँमा रहेको धारा नामसारी भएको अवस्थामा र मृत्यु भएको अवस्थामा त्यस्ता आजीवन सदस्यहरुको सदस्यता समाप्त हुन्छ ।<br>**५.१.३.**कार्यकारी समितिको निर्णयले संस्थालाई विषेश योगदान दिने व्यक्ति वा संघसंस्थालाई **मानार्थ सदस्यता** पनि प्रदान गर्न सकिनेछन् । यस्तो सदस्यता स्वदेशी संघ संस्था तथा विदेशी संस्था तथा व्यक्तिलाई पनि दिन सकिनेछ । **मानार्थ सदस्यले** मतदानमा भाग लिन पाउने छैनन् ।<br>५.२. सदस्य शुल्क र सदस्यता प्रदान गर्ने विधि :- | अन्तर्गतका वार्ड १ देखि ९ नं. सम्मका क्षेत्रहरु सबैलाई यस संस्थाको कार्यक्षेत्र वा सेवा क्षेत्र मानिनेछ । यसै सन्दर्भमा सेवा क्षेत्र भनी किटान गरिएका सबै स्थानहरुमा आयोजनाको प्रारम्भिक सर्भेमा नपरेका क्षेत्रमा भने यस संस्थाले कार्य सञ्चालनका लागि कार्य क्षेत्र मानिने छैन यद्यपी प्राविधिक रुपले कठिनाई र भौगोलिक तवरबाट समेटन नसकेका स्थानहरुलाई सम्बन्धित क्षेत्रका उपभोक्ताहरुको सहयोग तथा जनसहभागिता एवं दातृ संस्थाको सहकार्यमा त्यस्ता ठाउँहरुमा पनि सेवाका लागि निरन्तरता दिइनेछ र सेवाकार्यको सेवा दिने गरी यस संस्थाले कार्य गर्नेछ ।<br><br>परिच्छेद-५,<br>सदस्यता<br>**५.१.संस्थामा देहाय बमोजिमका सदस्य हुन सक्नेछन्:**<br>५.१.१. यस विधानको धारा ५.३ र ५.४ को परिधिभित्र रही संस्थाको कार्यक्षेत्र भित्रका सेवा उपयोग गर्ने स्वास्थ्य संस्था, सामाजिक संघ संस्था, विद्यालय, सरकारी वा गैरसरकारी कार्यालय, उद्योग, कल कारखाना, यस संस्थाको नीति भित्र रहि पानीको धारा प्राप्त गरेका उपभोक्ताहरुलाई साधारण सदस्य प्रदान गर्न सक्नेछ । समान्यतया जसको नाममा धारा जडान भएको छ, सोही व्यक्ति र उद्योग व्यवसाय, सरकारी कार्यालय तथा संघ संस्थाको हकमा कार्यालयको प्रमुख वा नीजले तोकोको व्यक्तिलाई यस संस्थाको साधारण सदस्यता प्रदान गरिनेछ साथै सामुदायिक धाराका हकमा भने सो धाराका अध्यक्षलाई प्रदान गर्न सकिनेछ ।<br>५.१.२. आजीवन सदस्य :-<br>संस्थाको साधारण सदस्यता प्राप्त गरिसकेका व्यक्तिलाई कार्यसमितिको निर्णयअनुसार शुल्क लिई आजीवन सदस्यता प्रदान गरिनेछ । तर निजको नाउँमा रहेको धारा नामसारी भएको अवस्थामा र मृत्यु भएको अवस्थामा त्यस्ता आजीवन सदस्यहरुको सदस्यता स्वतःसमाप्त हुनेछ ।<br>**५.१.३.**कार्यकारी समितिको निर्णयले संस्थालाई विषेश |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| ५.२.१. संस्थाको साधारण सदस्यता बन्न रु.५०।- र आजीवन सदस्य बन्नको लागि रु. १०००।- शुल्क र प्रवेश शुल्क रु.१०।- लिई सदस्यता प्रदान गरिनेछ ।<br>५.२.२. प्रत्येक वर्ष साधारण सदस्यता नविकरण शुल्क रु.२०।- लिई नविकरण गरिनेछ ।<br>५.२.३. यस विधानको परिधिभित्र र प्रचलित कानूनमा रही सदस्यता वितरण सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सकिनेछ ।<br>५.२.४. कुनै संघ संस्था तथा कार्यालयलाई पनि समितिले निर्णय गरी सदस्यता प्रदान गर्न सकिनेछ तर उक्त सदस्यहरुको मताधिकार तथा उम्मेदवारी हुने छैन ।<br><br>५.३. संस्थाको सदस्यताको लागि योग्यता :<br>यस संस्थाबाट खानेपानीको धारा प्राप्त गरी सके पछि आजीवन तथा साधारण सदस्यता प्राप्त गर्न देहायबमोजिमको योग्यता हुनुपर्नेछ ।<br>क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक भई आफ्नो नाउँमा धारा जडान गरेको हुनुपर्ने ।<br>ख) संस्थाको तिर्नुपर्ने महशुल जरीवाना तिरेको हुनुपर्ने ।<br>ग) दामसाहीमा परेको हुन नहुने ।<br>घ) आयोजनाको काममा बद्‌मासी गरेको र उपभोक्ताको हित प्रतिकूल काम नगरेको हुनुपर्ने ।<br>ङ) संस्थाको हित प्रतिकूल काम गरेको हुन नहुने ।<br>५.४.सदस्यको अयोग्यता :<br>क) १८ वर्ष पुरा नभएको र आफ्नो नाउँमा धारा जडान नगरेको ।<br>ख) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएको ।<br>ग) सदस्यको राजीनामा स्वीकृत भएमा ।<br>घ) सदस्यको विरुद्ध अविश्वासको प्रस्ताव यस विधान बमोजिम पारित भएमा वा कुनै नविकरण नगरेमा ।<br>ङ) कुनै सेवा प्राप्त गर्ने व्यक्ति वा उपभोक्ताले तोकिएको महसुल शुल्क नबुझाई कार्यकारी समितिले सदस्यताबाट हटाइएको व्यक्ति वा संघसंस्था ।<br>५.४.१. संस्थाको उद्देश्य र हित विपरित कार्य गरे गराएको वा त्यस्तो कार्य गर्ने, गराउने प्रयत्न गरे | योगदान दिने व्यक्ति वा संघसंस्थालाई **मानार्थ सदस्यता** पनि प्रदान गर्न सकिनेछन् । यस्तो सदस्यता स्वदेशी संघ संस्था तथा विदेशी संस्था तथा व्यक्तिलाई पनि दिन सकिनेछ । **मानार्थ सदस्यले** मतदानमा भाग लिन पाउने छैनन् ।<br>५.२. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :-<br>५.२.१.साधारण सदस्यता तथा आजिवन सदस्यता शुल्क तथा नविकरण कार्यसमितिको निणर्यले तोके बमोजिम हुनेछ ।<br>५.२.२. यस बिधान तथा प्रचलित कानुनको अधिनमा रहि सदस्यता सम्बन्धि कार्यविधि कार्यसमिति आफैले निर्धारण गर्न सक्नेछ ।<br>५.२.३ कुनै संघ संस्था, उद्योग व्यवसाय तथा कार्यालयलाई पनि समितिले निर्णय गरी नियमानुशार सदस्यता प्रदान गर्न सक्नेछ तर उक्त सदस्यहरुको मताधिकार तथा उम्मेदवारी हुने छैन ।<br>५.२.४ उद्योग, कल कारखानाहरु निरन्तर सञ्चालन नभएमा त्यस्ता साधारण सदस्यहरुको सदस्यता स्वत : समाप्त हुनेछ ।<br>५.३. संस्थाको साधारण सदस्यताको लागि योग्यता :<br>यस संस्थाबाट खानेपानीको धारा प्राप्त गरी सके पछि आजीवन तथा साधारण सदस्यता प्राप्त गर्न देहायबमोजिमको योग्यता हुनुपर्नेछ ।<br>क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक भई आफ्नो नाउँमा धारा जडान गरेको हुनुपर्ने ।<br>ख) संस्थाको तिर्नुपर्ने महशुल सम्पुर्णरुपमा तिरेको हुनुपर्ने ।<br>ग) दामसाहीमा परेको हुन नहुने ।<br>घ) आयोजनाको काममा बद्‌मासी नगरेको र उपभोक्ताको हित प्रतिकूल हुने काम गरेको हुन नहुने ।<br>ङ) संस्थाको हित प्रतिकूल काम गरेको हुन नहुने ।<br>५.४.सदस्यको अयोग्यता :<br>क) १८ वर्ष पुरा नभएको र आफ्नो नाउँमा धारा जडान नगरेको ।<br>ख) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएको ।<br>ग) साधारण सदस्यको सदस्यता खारेज भएमा ।<br>घ) नियमानुशार नविकरण नगरेमा ।<br>ङ) कुनै सेवा प्राप्त गर्ने व्यक्ति वा उपभोक्ताले |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| गराएको प्रमाणित हुन आएमा कार्यकारी समितिले त्यस्तो सदस्यको सदस्यता समाप्त गर्न सक्नेछ । तर यसरी सदस्यता समाप्त गर्नुपूर्व सफाइको मौका दिनुपर्नेछ ।<br><br>परिच्छेद-६,<br>साधारण सभा<br>**६.१.साधारण सभाको गठन विधि र सभाको सञ्चालन**<br>६.१.१ संस्थाको सर्वोच्च निकायको रुपमा साधारण सभा हुनेछ कार्यकारी समिति साधारण सभा प्रति र साधारण सभा सम्पूर्ण उपभोक्ताहरुको हित प्रति उत्तरदायी हुनेछ । साधारण सभाको निर्णय, निर्देशन कार्यकारी समितिले अनिवार्य रुपमा पालन गर्नुपर्नेछ ।<br>६.१.२. संस्थाको साधारण सभा वर्षको कम्तिमा १ पटक बस्नेछ । यसलाई बार्षिक साधारण सभा भनिनेछ । यसमा संस्थाको सदस्यता प्राप्त गर्ने सबै व्यक्ति उपस्थित हुनसक्नेछन् ।<br>६.१.३. विशेष साधारण सभा :<br><br>कार्यसमितिले निर्णय गरेबमोजिम वा संस्थाको एक चौथाई साधरण सदस्यले लिखित रुपमा अध्यक्ष समक्ष साधारणसभाको बैठक बोलाउन माग गरेमा सचिवले समितिले तोकेको स्थान, समयमा १५ दिनभित्र विषेश साधारण सभा बोलाउन सक्नेछ ।<br>६.१.४.साधारण सभाको सूचना :<br>संस्थाको वार्षिक साधारण सभा बस्नका लागि कम्तीमा ३० दिन अगावै र विशेष साधारण सभा बस्नको लागि कम्तीमा १५ दिन अगावै सभा हुने स्थान, मिति, समय, र छलफल हुने विषय उल्लेख गरी साधारण सदस्यहरुलाई सूचना दिइने छ तर पहिलो पटक बोलाइएको साधारण सभामा गणपुरक संख्या नपुगी दोश्रो पटक बोलाइएको साधारण सभाको सूचना गर्नको लागि १ दिन पहिला सूचना गर्नुपर्ने र यस्तो सूचना संस्थाको सूचना पाटीमा टाँसी वा पत्र पत्रिका मार्फत पनि प्रकाशित गर्न सकिनेछ ।<br>६.१.५. गणपुरक संख्या :<br>सभामा उपस्थित भई मतदान गर्न पाउने कूल सदस्य सख्याको ५१ प्रतिशत सदस्यको उपस्थितिलाई सभाको गणपुरक संख्या पुगेको मानिेछ । तर पहिलो पटक गणपुरक संख्या | तोकिएको महसुल शुल्क नबुझाई कार्यकारी समितिले सदस्यताबाट हटाइएको व्यक्ति वा संघसंस्था ।<br>५.४.१. संस्थाको उद्देश्य र हित विपरित कार्य गरे गराएको वा त्यस्तो कार्य गर्ने, गराउने प्रयत्न गरे गराएको प्रमाणित हुन आएमा कार्यकारी समितिले त्यस्तो सदस्यको सदस्यता बदर गर्न सक्नेछ ।<br>परिच्छेद-६,<br>साधारण सभा<br>**६.१.साधारण सभाको गठन विधि र सभाको सञ्चालन**<br>६.१.१ संस्थाको सर्वोच्च निकायको रुपमा साधारण सभा हुनेछ कार्यकारी समिति साधारण सभा प्रति र साधारण सभा सम्पूर्ण उपभोक्ताहरुको हित प्रति उत्तरदायी हुनेछ । साधारण सभाको निर्णय, निर्देशन कार्यकारी समितिले अनिवार्य रुपमा पालन गर्नुपर्नेछ ।<br>६.१.२. संस्थाको साधारण सभा वर्षको कम्तिमा १ पटक बस्नेछ । यसलाई बार्षिक साधारण सभा भनिनेछ । यसमा संस्थाको सदस्यता प्राप्त गर्ने सबै व्यक्ति उपस्थित हुनसक्नेछन् ।<br>६.१.३. विशेष साधारण सभा :<br>कार्यसमितिले निर्णय गरेबमोजिम वा संस्थाको एक चौथाई साधरण सदस्यले लिखित रुपमा अध्यक्ष समक्ष साधारणसभाको बैठक बोलाउन माग गरेमा सचिवले समितिले तोकेको स्थान, समयमा ३० दिनभित्र विषेश साधारण सभा बोलाउन सक्नेछ ।<br>६.१.४.साधारण सभाको सूचना :<br>संस्थाको वार्षिक साधारण सभा बस्नका लागि कम्तीमा ३५ दिन अगावै र विशेष साधारण सभा बस्नको लागि कम्तीमा ३० दिन अगावै सभा हुने स्थान, मिति, समय, र छलफल हुने विषय उल्लेख गरी साधारण सदस्यहरुलाई सूचना दिइने छ तर पहिलो पटक बोलाइएको साधारण सभामा गणपुरक संख्या नपुगी दोश्रो पटक बोलाइएको साधारण सभाको सूचना गर्नको लागि १ दिन पहिला सूचना गर्नुपर्ने र यस्तो सूचना संस्थाको सूचना पाटीमा टाँसी वा पत्र पत्रिका तथा सञ्चारका अन्य साधन मार्फत पनि जानकारी गराउन पर्नेछ ।।<br>६.१.५. गणपुरक संख्या :<br>सभामा उपस्थित भई मतदान गर्न पाउने |

| साविक विधान-२०५७ | संसोधित विधान |
| --- | --- |
| नपुगेमा दोश्रो पटक एक तिहाई र तेश्रो पटक पनि गणपुरक नपुगेमा उपस्थित सदस्य संख्या नै सभाको गणपूरक<br><br>संख्या मानिनेछ ।<br>६.१.६. साधारण सभाको अध्यक्षता कार्यकारी समितिको अध्यक्षले गर्नेछन् । निजको अनुपस्तिथिमा उपाध्यक्ष र निज पनि उपस्थिति नभएको अवस्थामा संस्थको कार्यकारी सदस्य मध्ये छानीएको कुनै एक सदस्यले गर्नेछ । तर जसका विरुद्ध अविश्वासको प्रस्ताव ल्याएको हो, उसले सभाको सभापतित्व गर्न पाउने छैन ।<br>६.१.७. साधारण सभामा पेश गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ ।<br>६.१.८. पक्ष विपक्षमा मत संकलन गर्दा साधारणतया हात उठाई गरिनेछ । मत बरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ । आवश्यक परेमा गोप्य मतदान गराउन सकिनेछ।<br>६.२.साधारण सभाको काम, कर्तव्य र अधिकार :<br>६.२.१. साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।<br>क) आफू मध्येबाट कार्यसमितिका सदस्यका सदस्य तथा पदाधिकारीको निर्वाचन गर्ने ।<br>ख) कार्य समितिले नियुक्ति गरेको लेखा परिक्षकको समर्थन गर्ने ।<br>ग) बार्षिक अनुमानित बजेट पारीत गर्ने ।<br>घ) लेखापरीक्षण प्रतिवेदन उपर छलफल र निर्णय गर्ने ।<br>ङ) कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने ।<br>च) विधान संसोधन तथा विधान र विधानका अधिनमा रही बनाएको नियम विनियममा उल्लेखित अधिकार प्रयोग गर्ने ।<br>छ) संस्थाले आयोजना निर्माण सञ्चालनको लागि समितिले लिएको ऋण तथा सो व्याज सहित चुक्ता गर्नुपर्ने रकम बारे छलफल गरी अनुमोदन गरी तोकिएको अवधिमा ऋण रकम चुक्ता गर्न समितिलाई निर्देशन दिने ।<br>ज) संस्थाले उपलब्ध गराएको खानेपानी उपभोग गर्न उपयोग हुने मिटरको प्रयोग तथा विलिङ्ग सम्बन्धमा अनुगमन गर्ने ।<br>झ) पानी महशुल, विलम्ब शुल्क वा अन्य सेवा दस्तुरहरुको पुनरावलोकन एवं सशोधन | कूल सदस्य सख्याको ५१ प्रतिशत सदस्यको उपस्थितिलाई सभाको गणपुरक संख्या पुगेको मानिछ । तर पहिलो पटक गणपुरक संख्या नपुगेमा दोश्रो पटक एक तिहाई र तेश्रो पटक पनि गणपुरक नपुगेमा उपस्थित सदस्य संख्या नै सभाको गणपूरक संख्या मानिनेछ ।<br>६.१.६. साधारण सभाको अध्यक्षता कार्यकारी समितिको अध्यक्षले गर्नेछन् । निजको अनुपस्तिथिमा उपाध्यक्ष र निज पनि उपस्थिति नभएको अवस्थामा संस्थको कार्यकारी सदस्य मध्ये छानीएको ज्येष्ठ सदस्यले गर्नेछ । तर जसका विरुद्ध अविश्वासको प्रस्ताव ल्याएको हो, उसले सभाको सभापतित्व गर्न पाउने छैन ।<br>६.१.७. साधारण सभामा पेश गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ ।<br>६.१.८. प्रस्तावित विषयहरुका पक्ष विपक्षमा मत संकलन गर्दा साधारणतया हात उठाई गरिनेछ । मत बरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ । आवश्यक परेमा गोप्य मतदान गराउन सकिनेछ।<br>६.२.साधारण सभाको काम, कर्तव्य र अधिकार :<br>६.२.१. साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।<br>क) आफू मध्येबाट कार्यसमितिका सदस्यका सदस्य तथा पदाधिकारीको निर्वाचन गर्ने ।<br>ख) कार्य समितिले नियुक्ति गरेको लेखा परिक्षकको समर्थन गर्ने ।<br>ग) बार्षिक अनुमानित बजेट पारीत गर्ने ।<br>घ) लेखापरीक्षण प्रतिवेदन उपर छलफल र निर्णय गर्ने ।<br>ङ) कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने ।<br>च) विधान संसोधन तथा विधान र विधानका अधिनमा रही बनाएको नियम विनियममा उल्लेखित अधिकार प्रयोग गर्ने ।<br>छ) संस्थाको बिधान तथा नियमानुशार संस्था सञ्चालन, जवाफदेहिता तथा उत्तर दायित्व बहन गर्न गराउनका लागि कार्यसमितिलाई निर्देशन गर्ने ।<br>ज) पानी महशुल, विलम्ब शुल्क वा अन्य सेवा दस्तुरहरुको पुनरावलोकन एवं सशोधन परिमार्जनको लागि समितिले प्रस्तुत गर्ने प्रस्ताव |

| साविक विधान-२०५७ | संसोधित विधान |
| --- | --- |
| परिमार्जनको लागि समितिले प्रस्तुत गर्ने प्रस्ताव माथि स्वीकृति प्रदान गर्ने । | माथि स्वीकृति प्रदान गर्ने । |
| ञ) व्यवस्थापन तथा प्राविधिक कामका लागि आवश्यक कर्मचारीहरुको स्थायी दरवन्दी स्वीकृत गर्ने । | झ) व्यवस्थापन तथा प्राविधिक कामका लागि आवश्यक कर्मचारीहरुको स्थायी दरवन्दी स्वीकृत गर्ने । |
| ट) यस समितिको सेवा क्षेत्र बाहिरका छिमेकी गाउँ विकास समिति वा वडाहरुको विकास निर्माणका कार्यहरुमा सहयोग गर्ने सम्बन्धमा छलफल गरी समितिले गरेको निर्णय अनुमोदन गर्ने । | ञ) यस समितिको सेवा क्षेत्र बाहिरका छिमेकी गाउँ विकास समिति वा वडाहरुको विकास निर्माणका कार्यहरुमा सहयोग गर्ने सम्बन्धमा छलफल गरी समितिले गरेको निर्णय अनुमोदन गर्ने । |
| ठ) यस संस्थाको कार्यहरु सुचारु रुपले सञ्चालन गर्न र सेवाग्राही जनतालाई यथोचित सेवा दिन एवं कार्यरत कर्मचारी खटन पटन तथा निजहरुको सेवा सुविधा र दरवन्दी सिर्जना गर्ने प्रक्रियाका बारेमा कार्यसमितिले आवश्यकता अनुसार नियम विनियमहरु बनाउने र संस्थाको उद्देश्य प्राप्तीका लागि आवश्यक समिति वा उप-समितिहरु तथा सल्लाहकार समितिको व्यवस्था गरी सो को कार्यान्वयन गराउन सक्नेछन् । | ट) यस संस्थाको कार्यहरु सुचारु रुपले सञ्चालन गर्न र सेवाग्राही जनतालाई यथोचित सेवा दिन एवं कार्यरत कर्मचारी खटन पटन तथा निजहरुको सेवा सुविधा र दरवन्दी सिर्जना गर्ने प्रक्रियाका बारेमा कार्यसमितिले आवश्यकता अनुसार नियम विनियमहरु बनाउने र संस्थाको उद्देश्य प्राप्तीका लागि आवश्यक समिति वा उप-समितिहरु तथा सल्लाहकार समितिको व्यवस्था गरी सो को कार्यान्वयन गराउन सक्नेछन् । |
| ड) संस्थाले सञ्चालन गरको आयोजनालाई कार्यसमितिले आयोजनाको सञ्चालन सम्बन्धी हस्तान्तरण गर्न सिफारिस गरेकोलाई अनुमोदन गर्ने । | ठ) संस्थाले सञ्चालन गरको आयोजनालाई कार्यसमितिले आयोजनाको सञ्चालन सम्बन्धी हस्तान्तरण गर्न सिफारिस गरेकोलाई अनुमोदन गर्ने । |
| ढ) संस्थाको सदस्यता शुल्क सम्बन्धमा आवश्यक निर्णय गर्ने । | |
| ६.२.१.यो विधान र यस विधान अन्तर्गत बनेका नियम र विनियमको अधिनमा रही संस्थाले गर्नुपर्ने सम्पूर्ण काम कारवाही गर्नु तथा कार्यकारी समितिलाई प्राप्त सम्पूर्ण अधिकारको प्रयोग तथा कर्तव्यको पालना गर्नु साधारण सभाको कर्तव्य हुनेछ । | ६.२.१.यो विधान र यस विधान अन्तर्गत बनेका नियम र विनियमको अधिनमा रही संस्थाले गर्नुपर्ने सम्पूर्ण कामहरु गर्न कार्यसमितिलाई प्राप्त भएका सम्पूर्ण अधिकारको प्रयोग तथा कर्तव्यको पालना गर्नु गराउनु साधारण सभाको कर्तव्य हुनेछ । |
| ६.३. सल्लाहकार :-<br>संस्थाको उद्देश्य प्राप्तीका लागि बढीमा ५ जनालाई सल्लाहकारमा नियुक्त गर्न वा सल्लाहकार समिति गठन गर्न आवश्यक छ भन्ने कार्यकारी समितिलाई लागेमा कार्यकारी समितिले सल्लाहकारमा नियुक्ति तथा मनोनयन गर्न वा सल्लाहकार समितिको गठन गर्न सक्नेछ । | ६.३. सल्लाहकार :-<br>संस्थाको उद्देश्य प्राप्तीका लागि बढीमा ५ जनालाई सल्लाहकारमा नियुक्त गर्न वा सल्लाहकार समिति गठन गर्न आवश्यक छ भन्ने कार्यकारी समितिलाई लागेमा कार्यकारी समितिले सल्लाहकारमा नियुक्ति तथा मनोनयन गर्न वा सल्लाहकार समितिको गठन गर्न सक्नेछ । |
| परिच्छेद-७<br>७.१ कार्यकारी समिति :<br>साधारण तथा आजीवन सदस्यहरु मध्येबाट प्रजातान्त्रिक किसिमको निर्वाचन प्रक्रियाद्वारा संस्थाको काम कारवाही सञ्चालन, रेखदेख र व्यवस्थापनको | परिच्छेद-७<br>७.१ कार्यसमिति :<br>साधारण तथा आजीवन सदस्यहरु मध्येबाट लोकतान्त्रिक निर्वाचन प्रक्रियाद्वारा संस्थाको काम कारवाही सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि कम्तीमा ३ जना महिला सहित नौ जना भएको एक कार्यसमिति समितिको गठन हुनेछ । |

| साविक विधान-२०५७ | संसोधित विधान |
| --- | --- |
| लागि कम्तीमा ३ जना महिला सहित नौ जना भएको एक कार्यकारी समितिको गठन हुनेछ ।<br>७.१.१कार्यकारी समितिमा देहायका सदस्यहरु रहनेछन्<br>क) साधारण सभा तथा अधिवेशनबाट निर्वाचित एक जना : अध्यक्ष<br>ख) साधारण सभा तथा अधिवेशनबाट निर्वाचित एक जना : उपाध्यक्ष<br>ग) साधारण सभा तथा अधिवेशनबाट निर्वाचित एक जना : सचिव<br>घ) साधारण सभा तथा अधिवेशनबाट निर्वाचित एक जना: कोषाध्यक्ष<br>ङ) साधारण सभा तथा अधिवेशनबाट निर्वाचित ३ जना महिला सदस्य अनिवार्य हुने गरी ५ जना सदस्य समेतको ९ (नौ) सदस्सिय कार्यकारी समिति हुनेछ ।<br>च) उपरोक्त कार्यसमितिमा देहाय बमोजिम पदेन सदस्य रहने व्यवस्था गरिनेछ, जसअनुसार<br>१) खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पर्वत<br>२) सम्बन्धित गा.वि.स./नगरपालिकाको कार्यालय तर कार्यकारी समितिमा निर्णय बाँफिएको हदसम्म मत विभाजनमा कुनै भूमिका रहने छैन ।<br>७.१.२ कार्यकारी समितिका पदाधिकारीको कार्यअवधि २ वर्षको हुनेछ । कुनै उचित कारणवस अर्को कार्यकारी समितिको गठन हुन नसकेको अवस्थामा बढीमा १ वर्षसम्म सोही कार्यसमितिले कार्य सञ्चालन गर्न सक्नेछन ।<br>७.१.३.पदावधि समाप्त हुने अवस्था :<br>क) यसै सन्दर्भमा अध्यक्षको पदको लागि एकै व्यक्ति लगातार दुई कार्यकालसम्म अध्यक्षमा उम्मेदवार बन्न पाउनेछ यस अनुसार तेश्रो पटक बन्न नपाइने र अर्को पटकका लागि भने यो नियम लागु हुने छैन ।<br>ख) कार्यकारी समितिका पदाधिकारी तथा सदस्यको पदावधि देहायको अवस्थामा समाप्त हुनेछ ।<br>ग) लिखित सूचनाविना लगातार तीनपटकसम्म बैठकमा अनुपस्थित भई सो को उचित कारण पेश गर्न नसकेमा ।<br>घ) संस्थाको सदस्य नरहेमा ।<br>ङ) मृत्यु भएमा ।<br>७.१.४.कार्यकारी समितिको कुनै पनि सदस्य वा | ७.१.१ कार्यसमितिमा देहायका सदस्यहरु रहनेछन्<br>क) साधारण सभा तथा अधिवेशनबाट निर्वाचित एक जना : अध्यक्ष<br>ख) साधारण सभा तथा अधिवेशनबाट निर्वाचित एक जना : उपाध्यक्ष<br>ग) साधारण सभा तथा अधिवेशनबाट निर्वाचित एक जना : सचिव<br>घ) साधारण सभा तथा अधिवेशनबाट निर्वाचित एक जना: कोषाध्यक्ष<br>ङ) साधारण सभा तथा अधिवेशनबाट निर्वाचित ३ जना महिला सदस्य अनिवार्य हुने गरी ५ जना सदस्य समेतको ९ (नौ) सदस्सिय कार्यकारी समिति हुनेछ ।<br>च) उपरोक्त कार्यसमितिमा देहाय बमोजिम पदेन सदस्य रहने व्यवस्था गरिनेछ, जसअनुसार<br>१) खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पर्वत<br>२) सम्बन्धित गा.वि.स./नगरपालिकाको कार्यालय<br>३) निवर्तमान अध्यक्ष<br>तर कार्यसमितिमा निर्णय बाँफिएमा पदेन सदस्यहरुको कुनै भूमिका रहने छैन ।<br>७.१.२ कार्यसमितिको पदावधी ३ वर्षको हुनेछ । उचित कारणवस अर्को कार्यकारी समितिको गठन हुन नसकेको अवस्थामा बढिमा ६ महिनासम्म सोही कार्यसमितिले कार्य सञ्चालन गर्न सक्नेछ र यसै समयावधि भित्रै अधिवेशन सम्पन्न गरि सक्नु पर्नेछ ।<br>७.१.३.पदावधि समाप्त हुने अवस्था :<br>क) यसै सन्दर्भमा अध्यक्षको पदको लागि एकै व्यक्ति लगातार दुई कार्यकालसम्म अध्यक्षमा उम्मेदवार बन्न पाउनेछ यस अनुसार तेश्रो पटक बन्न नपाइने र अर्को पटकका लागि भने यो नियम लागु हुने छैन ।<br>ख) कार्यसमितिका पदाधिकारी तथा सदस्यको पदावधि देहायको अवस्थामा समाप्त हुनेछ ।<br>ख(१)लिखित सूचनाविना लगातार तीनपटकसम्म बैठकमा अनुपस्थित भई सो को उचित कारण पेश गर्न नसकेमा ।<br>ख(२) संस्थाको सदस्य नरहेमा ।<br>ख(३) मृत्यु भएमा ।<br>ख(४) संस्थाको हित प्रतिकुल हुने गरि काम कारवाही गरेको ठहरिएमा । |

| साविक विधान-२०५७ | संसोधित विधान |
| --- | --- |
| पदाधिकारीको पद बीचमा रिक्त भएमा बाँकी अवधिका लागि त्यस्तो रिक्त पद पुर्ति कार्यसमितिको निर्णयले गर्न सक्नेछ तर बहुमत पदाधिकारी एवं सदस्यको पद खाली भएमा सो को पद पुर्ति सधारण सभाबाट मात्र गर्न सकिनेछ्<br><br>७.२. निर्वाचन :<br>७.२.१ निर्वाचन प्रक्रिया पूरा गर्नको लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय, सम्बन्धित गा.वि.स./नगरपालीकाका एक/एक जना प्रतिनिधि रहेको निर्वाचन समिति गठन गरिनेछ । सो समितिको सदस्य सचिवको कार्य जिल्ला विकास समितिबाट प्रतिनिधित्व गर्नेले बहन गर्नेछ । निर्वाचन समितिको संयोजन जिल्ला प्रशासन कार्यालयको प्रतिनिधिले गर्नेछ । निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यविधि समितिले तयार गरी निर्वाचन् हुनु पूर्व ३५ दिन अगाडि नै आयोजना क्षेत्रका उपभोक्ताहरु सदस्यहरुलाई जानकारी गराइनेछ । निर्वाचन प्रक्रियाको लागि आवश्यक अनुसुची फारामहरु निर्वाचन समिति आफैले तयार गर्न सक्नेछ ।<br>७.२.२. निर्वाचन सम्बन्धी कार्यविधि :-<br>क) निर्वाचन गोप्य मतदानबाट हुनेछ ।<br>ख) खानेपानी धारा प्राप्त गरी सदस्य कायम भएको व्यक्ति ।<br>ग) निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी विषयमा गरेको निर्णय अन्तिम हुनेछ ।<br>७.२.३. निर्वाचन सम्बन्धी बन्देज :<br>देहायका व्यक्तिलाई निर्वाचन सम्बन्धमा देहायका कार्यको लागि बन्देज गरिएको छ ।<br>क) विदेशी नागरिक तथा प्रतिनिधि सदस्यले मतदान गर्न एवं उम्मेदवार हुन र संस्थाका बैतनिक कर्मचारी उम्मेदवार हुन ।<br>ख) निर्वाचन हुनु भन्दा कम्तिमा विगत एक वर्ष पहिला आजिवन तथा साधारण सदस्य नभएको व्यक्ति मतदाता तथा उम्मेदवार बन्न ।<br>ग) यस संस्थाद्वारा सेवा उपभोग गरि सदस्यता ग्रहण गरेका सरकारी कार्यालय, संघसंस्था, मठमन्दिर, उद्योग वा सामुदायिक धाराका प्रतिनिधिहरु मतादाता एवं उम्मेद्वार हुन ।<br>७.२.४. सपथ ग्रहण : | ७.१.४.कार्यकारी समितिको कुनै पनि सदस्य वा पदाधिकारीको पद बीचमा रिक्त भएमा बाँकी अवधिका लागि त्यस्तो रिक्त पद पुर्ति कार्यसमितिको निर्णयले गर्न सक्नेछ तर बहुमत पदाधिकारी एवं सदस्यको पद खाली भएमा सो को पद पुर्ति सधारण सभाबाट मात्र गर्न सकिनेछ् ।<br>७.१.५ उप- समितिको पदावधी भने जुन कार्यसमितिले गठन गरेको हो सो समितिको पदावधि समाप्त भएपछि स्वतः समाप्त हुनेछ ।<br>७.२. निर्वाचन :<br>७.२.१ निर्वाचन प्रक्रिया पूरा गर्नको लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय, जिल्ला निर्वाचनको कार्यालय र सम्बन्धित गा.वि.स./नगरपालीकाका एक/एक जना प्रतिनिधि रहेको निर्वाचन समिति गठन गरिनेछ । सो समितिको सदस्य सचिवको कार्य जिल्ला निर्वाचन कार्यालयबाट प्रतिनिधित्व गर्नेले बहन गर्नेछ । निर्वाचन समितिको संयोजन जिल्ला प्रशासन कार्यालयको प्रतिनिधिले गर्नेछ । निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यविधि समितिले तयार गरी निर्वाचन् हुनु पूर्व ३५ दिन अगाडि नै आयोजना क्षेत्रका उपभोक्ताहरु सदस्यहरुलाई जानकारी गराइनेछ । निर्वाचन प्रक्रियाको लागि आवश्यक अनुसुची फारामहरु निर्वाचन समिति आफैले तयार गर्न सक्नेछ ।<br>७.२.२. निर्वाचन सम्बन्धी कार्यविधि :-<br>यस संस्थाको निर्वाचन सम्बन्धि कार्य सम्पन्न गर्न गराउनका लागि संस्थाको हित प्रतीकुल नहुनेगरि कार्यसमितिद्धारा तयार गरिएको निर्वाचन सम्बन्धि कार्यविधि अनुशार निर्वाचन समितिले निर्वाचनको सम्पुर्ण प्रंक्रियाहरु सम्पन्न गर्ने छ । यस सम्बन्धमा गरिने सम्पुर्ण निर्वाचनका कार्यक्रमहरु निर्वाचन कार्यबिधि तथा नियमावलीमा उल्लेख भए बमोजिम हुनेछन ।<br>७.२.३. निर्वाचन सम्बन्धी बन्देज :<br>देहायका व्यक्तिलाई निर्वाचन सम्बन्धमा देहायका कार्यको लागि बन्देज गरिएको छ ।<br>क) विदेशी नागरिक तथा प्रतिनिधि सदस्यले मतदान गर्न एवं उम्मेदवार हुन र संस्थाका बैतनिक कर्मचारी उम्मेदवार हुन ।<br>ख) निर्वाचन हुनु भन्दा कम्तिमा विगत एक वर्ष |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| नवनिर्वाचित समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव कोषाध्यक्ष, तथा सदस्यहरुले निर्वाचनबाट निर्वाचित भए पश्चात सपथ लिने नियमानुसार निर्वाचित कार्यसमितिको अध्यक्षले निर्वाचन समितिको संयोजक समक्ष सपथ ग्रहण गर्नेछन् र अन्य पदाधिकारी तथा सदस्यहरुले निर्वाचित कार्यसमितिका अध्यक्ष समक्ष सपथ ग्रहण गर्नेछन् । सामान्यतया निर्वाचन सम्पन्न भएको मितिले ३ दिनभित्र अनुसुची - २ मा तोकिए अनुसारको ढाँचामा सपथ ग्रहण गरी पदाधिकारीले कार्यभार सम्हाल्नु पर्नेछ ।<br>७.३. कार्यकारी समिति तथा पदाधिकारीको काम कर्तव्य र अधिकार :<br>क) संस्थाको उद्देश्य पुरा गर्ने, गराउने ।<br>ख) ऋण लिने तथा चुक्ता गर्ने, गराउने ।<br>ग) खानेपानी तथा सरसफाई सम्बन्धी सेवा वितरण गर्ने ।<br>घ) आयोजनाको सुरक्षा, सञ्चालन, मर्मत सम्भार र रेखदेख गर्ने ।<br>ङ) नेपाल सरकारले खानेपानीको लागि निर्धारण गरेबमोजिम गुणस्तर कायम गर्ने ।<br>च) सम्बन्धित निकायबाट श्रोत उपयोगको अनुमति लिई श्रोत परिचालन सम्बन्धी आइपर्ने सम्पूर्ण कार्य गर्ने, गराउने ।<br>छ) बार्षिक बजेट तथा कार्यक्रम तयार गरी लेखापरीक्षण गराउने ।<br>ज) संस्थाको लागि आर्थिक श्रोत जुटाउने र नियमावली तयार गर्ने ।<br>झ) संस्थाको उद्देश्य परिपुर्तिका लागि कार्यक्रम तय गरी कार्यान्यवन गर्ने, गराउने ।<br>ञ) बार्षिक बजेट तथा कार्यक्रम तयार पारी साधारण सभामा पेश गर्ने र साधारण सभाले निर्णय गरे बमोजिम कार्य सञ्चालन गर्ने ।<br>ट) संस्थाको उद्देश्य प्राप्तीका लागि आवश्यक समिति वा उपसमिति गठन गर्ने ।<br>ठ) संस्थाका लागि कर्मचारी नियुक्ति गर्ने, पारिश्रमिक तथा सेवाका शर्तहरु तोक्ने ।<br>ड) संस्थाको कोष सञ्चालन गर्ने ।<br>ढ) सल्लाहकार नियुक्ति वा मनोनयन गर्ने ।<br>ण) सदस्यता प्रदान वा खारेजी गर्ने ।<br>त) संस्थाको दैनिक कार्य सञ्चालन गर्न आवश्यक | पहिला आजिवन तथा साधारण सदस्य नभएको व्यक्ति मतदाता तथा उम्मेदवार बन्न ।<br>ग) यस संस्थाद्वारा सेवा उपभोग गरि सदस्यता ग्रहण गरेका सरकारी कार्यालय, संघसंस्था, मठमन्दिर, उद्योग वा सामुदायिक धाराका प्रतिनिधिहरु मतादाता एवं उम्मेद्वार हुन ।<br>७.२.४. सपथ ग्रहण :<br>नवनिर्वाचित समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव कोषाध्यक्ष, तथा सदस्यहरुले निर्वाचित भए पश्चात सपथ लिने नियमानुसार निर्वाचित कार्यसमितिको अध्यक्षले निर्वाचन समितिको संयोजक समक्ष सपथ ग्रहण गर्नेछन् र अन्य पदाधिकारी तथा सदस्यहरुले निर्वाचित कार्यसमितिका अध्यक्ष समक्ष सपथ ग्रहण गर्नेछन् । सामान्यतया निर्वाचन सम्पन्न भएको मितिले ३ दिनभित्र अनुसुची-२ मा तोकिए अनुसारको ढाँचामा सपथ ग्रहण गरी पदाधिकारीले कार्यभार सम्हाल्नु पर्नेछ ।<br>७.३. कार्यकारी समिति तथा पदाधिकारीको काम कर्तव्य र अधिकार :<br>क) संस्थाको उद्देश्य पुरा गर्ने, गराउने ।<br>ख) ऋण लिने तथा चुक्ता गर्ने, गराउने ।<br>ग) खानेपानी तथा सरसफाई सम्बन्धी सेवा वितरण गर्ने ।<br>घ) आयोजनाको सुरक्षा, सञ्चालन, मर्मत सम्भार र रेखदेख गर्ने ।<br>ङ) नेपाल सरकारले खानेपानीको लागि निर्धारण गरेबमोजिम गुणस्तर कायम गर्ने ।<br>च) सम्बन्धित निकायबाट श्रोत उपयोगको अनुमति लिई श्रोत परिचालन सम्बन्धी आइपर्ने सम्पूर्ण कार्य गर्ने, गराउने ।<br>छ) बार्षिक बजेट तथा कार्यक्रम तयार गरी लेखापरीक्षण गराउने ।<br>ज) संस्थाको लागि आर्थिक श्रोत जुटाउने र नियमावली तयार गर्ने ।<br>झ) संस्थाको उद्देश्य परिपुर्तिका लागि कार्यक्रम तय गरी कार्यान्यवन गर्ने, गराउने ।<br>ञ) बार्षिक बजेट तथा कार्यक्रम तयार पारी साधारण सभामा पेश गर्ने र साधारण सभाले निर्णय गरे बमोजिम कार्य सञ्चालन गर्ने ।<br>ट) संस्थाको उद्देश्य प्राप्तीका लागि आवश्यक समिति वा उपसमिति गठन गर्ने । |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| व्यवस्था मिलाउने ।<br>थ) विधानमा लेखिएका अन्य कार्य गर्ने ।<br>द) आवश्यकता अनुसार अख्तियार प्रत्यायोजन गर्ने ।<br>ध) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने ।<br>न) कार्यसमितिको निर्वाचन सम्बन्धी व्यवस्था मिलाउने ।<br>प) समितिका सदस्यहरुको सुविधा (बैठक भत्ता तथा अन्य) तोक्ने<br>फ) प्रचलित ऐन नियमले तोकिए बमोजिमका कार्य नगरेमा सेवा बन्द गर्ने, कटौती गर्ने तथा फुकुवा गर्ने ।<br>ब) संस्थाले सेवा उपलब्ध गराए बापत त्यस्तो सेवा प्राप्त गर्ने व्यक्ति वा निकायलाई महसुल तथा सेवा शुल्क तोकी असुल उपर गर्ने, गराउने ।<br>भ) प्रचलित ऐन कानूनमा तोकिए बमोजिम उपभोक्ता तथा अन्य व्यक्तिले गर्न नहुने कार्य गरेमा समितिले प्रचलित ऐन, नियम, र यस विधान बमोजिम तोकिएअनुसार सम्बन्धित निकायबाट कानूनी उपचार लिने ।<br>म) समिति समक्ष पानीको धाराको हकदावी वा नामसारीको निवेदन पर्न आएमा प्रचलित कानून अनुसार हकदावी तथा नामसारी गरिदिने ।<br>य) संस्थाले आयोजना निर्माण सञ्चालन मर्मत, सम्भार तथा विस्तारका लागि नेपाल सरकार, बैदेशिक दातृ संस्था वा अन्य कुनै निकायबाट ऋण वा अनुदान प्राप्त गर्ने कार्यकारी समितिका बीचमा भएको सम्झौताको शर्त अनुसार तोकिएको समयमा व्याज सहित रकम चुक्ता गर्दै जाने ।<br>र) लेखा परीक्षक नियुक्ति गर्ने, पारीश्रमिक तोक्ने र साधारण सभाबाट अनुमोदन गराउने ।<br>७.४. अध्यक्षको काम कर्तव्य र अधिकार :<br>क) साधारण सभा एवं कार्यसमितिको बैठक बोलाउने<br>ख) साधारण सभा एवं कार्यसमितिको बैठकको अध्यक्षता गर्ने ।<br>ग) आवश्यकता अनुसार अन्य क्षेत्रमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने ।<br>घ) आवश्यकता अनुसार संस्थाको तर्फबाट कुनै व्यक्ति, संस्था सरकारी निकायसंग सम्झौता गर्ने<br>ङ) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने आवश्यक अनुसार आफूमा रहेका अधिकार प्रत्यायोजन गर्ने निर्णयक मत प्रयोग गर्ने । | ठ) विनियमावलीमा आधारित रहि सेवाका शर्तहरु तोक्ने ।<br>ड) संस्थाको कोष सञ्चालन गर्ने ।<br>ढ) सल्लाहकार नियुक्ति वा मनोनयन गर्ने ।<br>ण) सदस्यता प्रदान वा खारेजी गर्ने ।<br>त) संस्थाको दैनिक कार्य सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने ।<br>थ) विधानमा लेखिएका अन्य कार्य गर्ने ।<br>द) आवश्यकता अनुसार अख्तियार प्रत्यायोजन गर्ने ।<br>ध) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने ।<br>न) कार्यसमितिको निर्वाचन सम्बन्धी व्यवस्था मिलाउने ।<br>प) समितिका सदस्यहरुको सुविधा (बैठक भत्ता तथा अन्य) तोक्ने<br>फ) प्रचलित ऐन नियमले तोकिए बमोजिमका कार्य नगरेमा सेवा बन्द गर्ने, कटौती गर्ने तथा फुकुवा गर्ने ।<br>ब) संस्थाले सेवा उपलब्ध गराए बापत त्यस्तो सेवा प्राप्त गर्ने व्यक्ति वा निकायलाई महसुल तथा सेवा शुल्क तोकी असुल उपर गर्ने, गराउने ।<br>भ) प्रचलित ऐन कानूनमा तोकिए बमोजिम उपभोक्ता तथा अन्य व्यक्तिले गर्न नहुने कार्य गरेमा समितिले प्रचलित ऐन, नियम, र यस विधान बमोजिम तोकिएअनुसार सम्बन्धित निकायबाट कानूनी उपचार लिने ।<br>म) समिति समक्ष पानीको धाराको हकदावी वा नामसारीको निवेदन पर्न आएमा प्रचलित कानून अनुसार हकदावी तथा नामसारी गरिदिने ।<br>य) संस्थाले आयोजना निर्माण सञ्चालन मर्मत, सम्भार तथा विस्तारका लागि नेपाल सरकार, बैदेशिक दातृ संस्था वा अन्य कुनै निकायबाट ऋण वा अनुदान प्राप्त गर्ने कार्यकारी समितिका बीचमा भएको सम्झौताको शर्त अनुसार तोकिएको समयमा व्याज सहित रकम चुक्ता गर्दै जाने ।<br>र) लेखा परीक्षक नियुक्ति गर्ने, पारीश्रमिक तोक्ने र साधारण सभाबाट अनुमोदन गराउने ।<br>७.४. अध्यक्षको काम कर्तव्य र अधिकार :<br>क) साधारण सभा एवं कार्यसमितिको बैठक बोलाउने<br>ख) साधारण सभा एवं कार्यसमितिको बैठकको अध्यक्षता गर्ने ।<br>ग) आवश्यकता अनुसार अन्य क्षेत्रमा संस्थाको |

| साविक विधान-२०५७ | संसोधित विधान |
| --- | --- |
| च) संस्थाले सञ्चालन तथा विकास गरेको आयोजनाको समष्टिगत जिम्मेवार लिने ।<br>छ) आयोजनाको सफल सञ्चालन र उपभोक्ताको हितको सर्वोपरि प्राथमिकता दिई समय समयमा आयोजना निरीक्षण गर्ने ।<br>ज) समितिको बैठकमा कुनै विषयमा छलफल हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।<br>झ) स्वीकृत बजेटको परिधि भित्र रही रकम खर्च गर्ने<br>ञ) एक पटकमा बढीमा रु.१,०००।- सम्म खर्च गरी समितिको स्वीकृति लिने तर पटकको सवालमा आवश्यकताको सार्न्दभिकतालाई हेरेर रकम खर्च गर्न सक्ने ।<br>७.५.उपाध्यक्षको काम, कर्तव्य र अधिकार:<br>क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने र अध्यक्षले गरि आएको काम गर्ने ।<br>ख) अध्यक्षको कार्यमा सहयोग पुऱ्याउने ।<br>ग) संस्थाको हित हुने अन्य कार्य गर्ने ।<br>७.६. सचिवको काम, कर्तव्य र अधिकार :<br>क) अध्यक्षको निर्देशानुसार वा कार्यकारी समितिको आवश्यकता अनुसार बैठक बोलाउने ।<br>ख) कार्यकारी समिति वा साधारण सभाको सूचना दिने ।<br>ग) कार्यकारी समिति र साधारण सभाले पारीत गरेका निर्णयको अभिलेख राखी कार्यकारी समितिको निर्णय प्रमाणित गर्ने र निर्णय कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने ।<br>घ) साधारण सभामा संस्थाका वार्षिक कार्यक्रम पेश गर्ने ।<br>ङ) संस्थाको वार्षिक प्रगति विवरण तयार गर्ने ।<br>च) संस्थाको उद्देश्य प्राप्तीका लागि नेपाल सरकार वा कुनै दातृ संस्थामा पेश गर्नुपर्ने प्रतिवेदन तयार गर्ने, गराउने ।<br>छ) उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने, दिने ।<br>७.७. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :<br>क) संस्थाको आय-व्ययको विवरण ठीक दुरुस्त राख्ने, राख्न लगाउने ।<br>ग) बार्षिक आर्थिक प्रतिवेदन, यथार्थ आय व्यय र अनुमानित आय व्यय विवरण तयार गर्ने र कार्यकारी समिति मार्फत साधारण सभामा पेश गर्ने, गराउने ।<br>घ) संस्थाको आय श्रोत जुटाउन सक्रिय रही संस्थाको | तर्फबाट प्रतिनिधित्व गर्ने ।<br>घ) आवश्यकता अनुसार संस्थाको तर्फबाट कुनै व्यक्ति, संस्था सरकारी निकायसंग सम्झौता गर्ने<br>ङ) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने आवश्यक अनुसार आफूमा रहेका अधिकार प्रत्यायोजन गर्ने, निर्णायक मत प्रयोग गर्ने ।<br>च) संस्थाले सञ्चालन तथा विकास गरेको आयोजनाको समष्टिगत जिम्मेवार लिने ।<br>छ) आयोजनाको सफल सञ्चालन र उपभोक्ताको हितको सर्वोपरि प्राथमिकता दिई समय समयमा आयोजना निरीक्षण गर्ने ।<br>ज) समितिको बैठकमा कुनै विषयमा छलफल हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।<br>झ) स्वीकृत बजेटको परिधि भित्र रही रकम खर्च गर्ने<br>ञ) संस्थाको दैनिक कार्य संचालनका लागि प्रबन्धकलाई आवश्यक निर्देशन दिने ।<br>ट) बिनियमावलीमा तोकिएको भन्दा बढि रकम खर्च हुने देखिएमा तत्कालको बाधा फुकाउनका लागि सचिवालय सदस्यहरुको सहमतीमा रकम खर्च गर्ने र यसरी गरिने खर्चहरुको यथार्थ विवरण कार्यसमति बैठकमा प्रस्तुत गरि अनुमोदन गराउने ।<br>७.५.उपाध्यक्षको काम, कर्तव्य र अधिकार:<br>क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने र अध्यक्षले गरि आएको काम गर्ने ।<br>ख) अध्यक्षको कार्यमा सहयोग पुऱ्याउने ।<br>ग) संस्थाको हित हुने अन्य कार्य गर्ने ।<br>७.६. सचिवको काम, कर्तव्य र अधिकार :<br>क) अध्यक्षको निर्देशानुसार वा कार्यकारी समितिको आवश्यकता अनुसार बैठक बोलाउने ।<br>ख) कार्यकारी समिति वा साधारण सभाको सूचना दिने ।<br>ग) कार्यकारी समिति र साधारण सभाले पारीत गरेका निर्णयको अभिलेख राखी कार्यकारी समितिको निर्णय प्रमाणित गर्ने र निर्णय कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने ।<br>घ) साधारण सभामा संस्थाका वार्षिक कार्यक्रम पेश गर्ने ।<br>ङ) संस्थाको वार्षिक प्रगति विवरण तयार गर्ने ।<br>च) संस्थाको उद्देश्य प्राप्तीका लागि नेपाल सरकार वा कुनै दातृ संस्थामा पेश गर्नुपर्ने प्रतिवेदन तयार गर्ने, गराउने । |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| दैनिक कार्य सम्पादनका लागि संस्था प्रमुख वा सम्बन्धित निकायसंग सम्पर्क राखी काम गर्ने ।<br>ङ) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्यमा सहयोग गर्ने ।<br>च) संस्थाको लेखा सम्बन्धी कार्यको जिम्मेवारी लिने ।<br>छ) अध्यक्षसंगको संयुक्त दस्तखतमा बैंकमा समितिको खाता खोली सञ्चालन गर्ने ।<br>ज) प्रत्येक वर्ष कम्तीमा एक पटक साधारण सभामा आयोजनाको आम्दानी र खर्चको विवरण जानकारी गराई अनुमोदन गराउने ।<br>झ) संस्थाको नाममा जम्मा हुन आएको चल अचल सम्पत्ति नगद जिन्सी आदि सम्पत्तिको जिम्मा लिई त्यसको हिसाव किताब राखी खर्चको फाँटवारी तयार गर्ने, गराउने ।<br>ञ) आवश्यकताअनुसार तोकिए बमोजिम अन्य काम समेत गर्ने ।<br>७.८. सदस्यको काम, कर्तव्य र अधिकार :<br>क) कार्यकारी समिति र साधारण सभाको भेलाले निर्णय गरेका कुराहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।<br>ख) आयोजनासंग सम्बन्धित विषयमा समस्या परेमा समाधान गर्न कोशिश गर्ने ।<br>ग) अध्यक्षको निर्देशन अनुसार आयोजनाको स्थायीत्वको निमित्त आवश्यक कार्य गर्ने ।<br>घ) उपभोक्तासंग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने, दिने ।<br>ङ) कार्यकारी समितिले तोकिएका कार्य गर्ने ।<br>७.९. कार्यकारी समितिको बैठक सम्बन्धी कार्यविधि :<br>७.९.१. कार्यकारी समितिको नियमित बैठक कम्तीमा प्रत्येक महिनाको एक पटक बस्नेछ ।<br>७.९.२. बैठकमा हुने छलफलका लागि प्रस्तावित विषय सूची सहित, बैठक बस्ने मिति, समय र स्थान उल्लेख गरी कार्यकारी समितिका पदाधिकारी र सदस्यलाई घटीमा ३ दिन अगाडि नै अध्यक्षको निर्देशनमा कार्यकारी समितिको सचिवले पत्रबाट सुचित गर्नेछ ।<br>७.९.३. कार्यकारी समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको पनि उपस्थिति नरहेमा समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।<br>७.९.४. दुई तिहाई भनी किटान गरिएको विषयहरुमा बाहेक अन्य विषयहरुमा सामान्य बहुमतको | छ) उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने, दिने ।<br>७.७. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :<br>क) संस्थाको आय-व्ययको विवरण ठीक दुरुस्त राख्ने, राख्न लगाउने ।<br>ग) बार्षिक आर्थिक प्रतिवेदन, यथार्थ आय व्यय र अनुमानित आय व्यय विवरण तयार गर्ने र कार्यकारी समिति मार्फत साधारण सभामा पेश गर्ने, गराउने ।<br>घ) संस्थाको आय श्रोत जुटाउन सक्रिय रही संस्थाको दैनिक कार्य सम्पादनका लागि संस्था प्रमुख वा सम्बन्धित निकायसंग सम्पर्क राखी काम गर्ने ।<br>ङ) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्यमा सहयोग गर्ने ।<br>च) संस्थाको लेखा सम्बन्धी कार्यको जिम्मेवारी लिने ।<br>छ) अध्यक्षसंगको संयुक्त दस्तखतमा बैंकमा समितिको खाता खोली सञ्चालन गर्ने ।<br>ज) प्रत्येक वर्ष कम्तीमा एक पटक साधारण सभामा आयोजनाको आम्दानी र खर्चको विवरण जानकारी गराई अनुमोदन गराउने ।<br>झ) संस्थाको नाममा जम्मा हुन आएको चल अचल सम्पत्ति नगद जिन्सी आदि सम्पत्तिको जिम्मा लिई त्यसको हिसाव किताब राखी खर्चको फाँटवारी तयार गर्ने, गराउने ।<br>ञ) आवश्यकताअनुसार तोकिए बमोजिम अन्य काम समेत गर्ने ।<br>ट) संस्थाको संस्थागत बिकासको लागि कोष बृद्धि सम्बन्धि योजनाहरु तयार गर्ने ।<br>७.८. सदस्यको काम, कर्तव्य र अधिकार :<br>क) कार्यसमिति र साधारण सभाको भेलाले निर्णय गरेका कुराहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।<br>ख) आयोजनासंग सम्बन्धित विषयमा समस्या परेमा समाधान गर्ने ।<br>ग) अध्यक्षको निर्देशन अनुसार आयोजनाको स्थायीत्वको निमित्त आवश्यक कार्य गर्ने ।<br>घ) उपभोक्तासंग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने, दिने ।<br>ङ) कार्यकारी समितिले तोकिएका कार्य गर्ने ।<br>७.९. कार्यकारी समितिको बैठक सम्बन्धी कार्यविधि :<br>७.९.१. कार्यकारी समितिको नियमित बैठक कम्तीमा |

| सविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| आधारमा निर्णय गरिनेछ ।<br><br>परिच्छेद-८<br>आर्थिक श्रोत<br>८.१. संस्थाको आर्थिक श्रोत देहाय बमोजिम हुनेछ ।<br>क) सरकार वा गैरसरकारी संस्थाबाट ऋण सहयोग वा अनुदान स्वरुप प्राप्त रकम ।<br>ख) नयाँ सदस्यता तथा सदस्यता नविकरण शुल्कबाट प्राप्त रकम ।<br>ग) विदेशी दातृसंस्थाबाट प्राप्त रकम (यस्तो रकम प्राप्त गर्दा नेपाल सरकारको स्वीकृति लिइनेछ ।)<br>घ) साधारण सभा वा कार्यकारी समितिले निर्णय गरे बमोजिम प्राप्त हुने रकम ।<br>ङ) अन्य प्रचलित व्यहोराले संस्थाले प्राप्त गर्ने रकम ।<br>च) उपभोक्ताबाट उठाइएको पानी महसुल लगाएत अन्य रकम ।<br>छ) दण्ड जरिवानाबाट उठेको रकम ।<br>ज) निर्माण वा अन्य श्रोतबाट आयोजनामा बचत भएको रकम आदि ।<br>झ) संस्थाको चल अचल सम्पत्ति काम नलाग्ने भै पत्रु अवस्थामा रहेका सामानहरुको आवश्यक प्रक्रिया पुऱ्याई बढिबढाऊ लिलाम विक्रिबाट उठेको रकम ।<br>८.२. चल अचल सम्पत्तिको विवरण :<br>यस विधान बमोजिम प्राप्त रकम तथा शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको नाउँमा रहेको चल अचल जायजेथा संस्थाको सम्पत्ति हुनेछ । सम्पत्तिको परिचालन कार्यकारी समितिले निर्णय गरे बमोजिम हुनेछ तर संस्थाको सम्पत्तिको हक हस्तान्तरण गर्दा साधारण सभाबाट अनुमोदन हुनुपर्नेछ ।<br>८.३. कोष र कोषको सञ्चालन :<br>संस्थाको एउटा छुट्टै कोष हुनेछ । सो कोषमा दफा ८.१ बमोजिम प्राप्त रकम आम्दानी बाँधिनेछ । अध्यक्ष, सचिव र कोषाध्यक्ष तीन जनाको संयुक्त दस्तखतबाट कार्य समितिको निर्णय गरी तोकेको बैंकमा कुनै पनि खाता खोली संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ र यसरी सञ्चालन गरिएको खाताको कारोवार गर्दा अध्यक्ष अनिवार्य र सचिव वा कोषाध्यक्ष मध्ये कुनै १ को संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ । | प्रत्येक महिनाको एक पटक बस्नेछ ।<br>७.९.२. बैठकमा हुने छलफलका लागि प्रस्तावित विषय सूची सहित, बैठक बस्ने मिति, समय र स्थान उल्लेख गरी कार्यकारी समितिका पदाधिकारी र सदस्यलाई घटीमा ३ दिन अगाडि नै अध्यक्षको निर्देशनमा कार्यकारी समितिको सचिवले पत्रबाट सुचित गर्नेछ ।<br>७.९.३.कार्यसमितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको पनि उपस्थिति नरहेमा समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।<br>७.९.४. दुई तिहाई भनी किटान गरिएको विषयहरुमा बाहेक अन्य विषयहरुमा सामान्य बहुमतको आधारमा निर्णय गरिनेछ ।<br><br>परिच्छेद-८<br>आर्थिक श्रोत<br>८.१. संस्थाको आर्थिक श्रोत देहाय बमोजिम हुनेछ ।<br>क) सरकार वा गैरसरकारी संस्थाबाट ऋण सहयोग वा अनुदान स्वरुप प्राप्त रकम ।<br>ख) नयाँ सदस्यता तथा सदस्यता नविकरण शुल्कबाट प्राप्त रकम ।<br>ग) विदेशी दातृसंस्थाबाट प्राप्त रकम (यस्तो रकम प्राप्त गर्दा नेपाल सरकारको स्वीकृति लिइनेछ ।)<br>घ) साधारण सभा वा कार्यकारी समितिले निर्णय गरे बमोजिम प्राप्त हुने रकम ।<br>ङ) अन्य प्रचलित व्यहोराले संस्थाले प्राप्त गर्ने रकम ।<br>च) उपभोक्ताबाट उठाइएको पानी महसुल लगाएत अन्य रकम ।<br>छ) दण्ड जरिवानाबाट उठेको रकम ।<br>ज) निर्माण वा अन्य श्रोतबाट आयोजनामा बचत भएको रकम ।<br>झ) संस्थाको चल अचल सम्पत्ति काम नलाग्ने भै पत्रु अवस्थामा रहेका सामानहरुको आवश्यक प्रक्रिया पुऱ्याई बढिबढाऊ लिलाम विक्रिबाट उठेको रकम ।<br>ञ) बैंक व्याज, अन्य कोष लगानी तथा बित्तिय कार्यक्रमबाट प्राप्त हुन आएका रकम ।<br>८.२. चल अचल सम्पत्तिको विवरण :<br>यस विधान बमोजिम प्राप्त रकम तथा शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको नाउँमा रहेको चल अचल जायजेथा |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| ८.४. लेखा र लेखा परीक्षण :<br>८.४.१. संस्थाको सम्पत्ति र आय व्ययको विवरण कार्यकारी समितिले तोकिदिए बमोजिम राखिनेछ ।<br>८.४.२. आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र संस्थाको आय व्यय विवरण र वासलात तयार गरी रजिष्टर्ड लेखा परीक्षकद्वारा लेखा परीक्षण गराइनेछ ।<br>८.४.३. लेखा परीक्षण भइसकेपछि सो हिसाव विवरण र तत्सम्बन्धी लेखा परीक्षकको प्रतिवेदन कार्यसमितिमा पेश गरी कार्यकारी समिति मार्फत साधारण सभामा पेश गरिनेछ ।<br>८.४.४. जलश्रोत ऐन २०४९ र खानेपानी नियमावली २०५५ मा व्यवस्था भएअनुसार लेखा परीक्षण गर्ने, गराउने ।<br>८.४.५. संस्थाको लेखा सम्बन्धी आर्थिक सम्परीक्षण गर्न आवश्यक छ भन्ने लागेमा सम्बन्धीत कार्यसमितिको सिफारीसमा साधारण सभाबाट अनुमोदन गर्ने गरी कार्यसमितिमा नरहेका सम्बन्धित विषयका १ जना विज्ञ सहित बढीमा ३ जनासम्म लेखा सुपरीवेक्षण उपसमिति गठन गर्न सक्ने छ । यसरी गठित सम्परीक्षण उपसमितिको पदावधि कार्यसमितिले तोके बमोजिम हुनेछ ।<br><br>परिच्छेद-९,<br>आचार संहिता :<br>यो संस्थाको कार्यकारी समितिका पदाधिकारी र सदस्यहरुले देहाय बमोजिमको आचारसंहिता पालना गर्नुपर्ने छ ।<br>क) संस्थाको आयोजना सम्बन्धी निर्माण व्यवसायमा कुनै ठेक्का पट्टा वा लाभको काम गर्न नहुने ।<br>ख) विधान बमोजिम बाहेक निजी स्वार्थमा संस्थालाई प्रयोग गर्ने नहुने ।<br>ग) संस्थालाई हानी नोक्सानी हुने कुनै काम वा आचरण गर्न नहुने ।<br>घ) संस्थाको हित प्रतिकुल काम गर्न नहुने ।<br>ङ) संस्थाको आयोजनाको निर्माण सम्बन्धी कुनै काममा ठेक्का पट्टा लिएको आफू वा आफूसंग प्रत्यक्ष वा परोक्ष सम्पर्क गरी संस्थाको हित प्रतिकुल काम गर्न नहुने ।<br>९.२. संरक्षण सम्बन्धी काम : | संस्थाको सम्पत्ति हुनेछ । सम्पत्तिको परिचालन कार्यकारी समितिले निर्णय गरे बमोजिम हुनेछ तर संस्थाको सम्पत्तिको हक हस्तान्तरण गर्दा साधारण सभाबाट अनुमोदन हुनुपर्नेछ ।<br>८.३. कोष र कोषको सञ्चालन :<br>संस्थाको एउटा छुट्टै आम्दानी बैंक खाता हुनेछ । सो खातामा दफा ८.१ बमोजिम प्राप्त रकमहरुलाई आम्दानी बाँधिनेछ । अध्यक्ष, सचिव र कोषाध्यक्ष तीन जनाको संयुक्त दस्तखतबाट कार्य समितिले निर्णय गरी तोकेको बैंकमा खाता खोली आम्दानी बैंक खाता सञ्चालन गरिनेछ र यसरी सञ्चालन गरिएको खाताको कारोवार गर्दा अध्यक्ष अनिवार्य र सचिव वा कोषाध्यक्ष मध्ये कुनै १ को संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ । अन्य बैंक खाताको हकमा भने विनियमावलीमा व्यवस्था भए बमोजिम वा कार्य समितिले निर्णय गरे बमोजिम हुने छ ।<br>८.४. लेखा र लेखा परीक्षण :<br>८.४.१. संस्थाको सम्पत्ति र आय व्ययको विवरण कार्यकारी समितिले तोकिदिए बमोजिम राखिनेछ ।<br>८.४.२. आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र संस्थाको आय व्यय विवरण र वासलात तयार गरी रजिष्टर्ड लेखा परीक्षकद्वारा लेखा परीक्षण गराइनेछ ।<br>८.४.३. लेखा परीक्षण भइसकेपछि सो हिसाव विवरण र तत्सम्बन्धी लेखा परीक्षकको प्रतिवेदन कार्यसमितिमा पेश गरी कार्यकारी समिति मार्फत साधारण सभामा पेश गरिनेछ ।<br>८.४.४. जलश्रोत ऐन २०४९ र खानेपानी नियमावली २०५५ मा व्यवस्था भएअनुसार लेखा परीक्षण गर्ने, गराउने ।<br>८.४.५. संस्थाको लेखा सम्बन्धी आर्थिक सम्परीक्षण गर्न आवश्यक छ भन्ने लागेमा सम्बन्धीत कार्यसमितिको सिफारीसमा साधारण सभाबाट अनुमोदन गर्ने गरी कार्यसमितिमा नरहेका सम्बन्धित विषयका १ जना विज्ञ सहित बढीमा ३ जनासम्म लेखा सुपरीवेक्षण उपसमिति गठन गर्न सक्ने छ । यसरी गठित सम्परीक्षण उपसमितिको पदावधि कार्यसमितिले तोके बमोजिम हुनेछ । |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| क) विधानले संस्थाको कार्यक्षेत्र भित्र पर्ने भनी किटान गरको मुहान र सोको प्रसारण लाईन र आयोजनाको संरचनाको संरक्षण सम्बर्द्धन गर्ने काम यो संस्थाले गर्नेछ ।<br>ख) यो संस्थाले सञ्चालन गरको आयोजना सम्बन्धी प्रसारण लाईन मुहान वा संरचनामा कसैले हानी नोक्सानी पारेमा सोको संरक्षणका लागि आवश्यक कानूनी प्रक्रिया मार्फत हानी नोक्सानी पार्ने उपर हानी नोक्सानी भएको विषेशज्ञबाट जाँच गराई सो को क्षतिपुर्ति भराई माग्न र आवश्यक कानूनी उपचारका लागि नेपाल सरकारको सम्बन्धित निकाय मार्फत कानूनी कारवाही लागि सिफारिस गरी कारवाही चलाउन सक्नेछ ।<br>ग) संस्थाको कार्य सञ्चालनमा खटिएका कर्मचारीद्धारा सेवाहरु प्रदान हुने काममा बाधा अवरोध सृजना गर्ने उपर समेत आवश्यक छानविन गरी कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस समेत गर्न सक्नेछ ।<br><br>परिच्छेद -१०<br>१०.१ सचिवालय :<br>क) यो संस्थाको दैनिक कार्य संञ्चालनका लागि कार्यकारीणी समितिबाट अध्यक्ष, सचिव र १ जना महिला सहित ३ जनाको सचिवालय गठन हुनेछ ।<br>ख) सो सचिवालयले दैनिक प्रशासन, रेखदेख, नियन्त्रण, समन्वय र संस्थाको तर्फबाट गर्नुपर्ने सबै काम गर्नेछ र सो को प्रतिवेदन कार्यकारिणीलाई प्रत्येक बैठकमा टिपोट गर्नेछ ।<br>ग) सचिवालय सम्बन्धी व्यवस्था विनियममा तोके बमोजिम हुनेछ ।<br>घ) यस संस्थाको सचिवालय शिवालय गा.वि.स. अन्तर्गत स्थापना हुनेछ ।<br><br>परिच्छेद-११<br>११.१ निर्वाचन सम्बन्धी व्यवस्था :<br>११.१.१ निर्वाचन सम्बन्धी कार्यविधि कार्यकारी समितिले तोकेबमोजिम हुनेछ ।<br>११.१.२ संस्थाको विधान स्वीकृत भएको ३ महिनाभित्र निर्वाचन गराई सो को जानकारी जलश्रोत समिति लगायत अन्य सम्बन्धित निकायलाई | परिच्छेद-९,<br>आचार संहिता :<br>यो संस्थाको कार्यकारी समितिका पदाधिकारी र सदस्यहरुले देहाय बमोजिमको आचारसंहिता पालना गर्नुपर्ने छ ।<br>क) संस्थाको आयोजना सम्बन्धी निर्माण व्यवसायमा कुनै ठेक्का पट्टा वा लाभको काम गर्न नहुने ।<br>ख) विधान बमोजिम बाहेक निजी स्वार्थमा संस्थालाई प्रयोग गर्ने नहुने ।<br>ग) संस्थालाई हानी नोक्सानी हुने कुनै काम वा आचरण गर्न नहुने ।<br>घ) संस्थाको हित प्रतिकुल काम गर्न नहुने ।<br>ङ) संस्थाको आयोजनाको निर्माण सम्बन्धी कुनै काममा ठेक्का पट्टा लिएको आफू वा आफूसंग प्रत्यक्ष वा परोक्ष सम्पर्क गरी संस्थाको हित प्रतिकुल काम गर्न नहुने ।<br>९.२. संरक्षण सम्बन्धी काम :<br>क) विधानले संस्थाको कार्यक्षेत्र भित्र पर्ने भनी किटान गरको मुहान र सोको प्रसारण लाईन र आयोजनाको संरचनाको संरक्षण सम्बर्द्धन गर्ने काम यो संस्थाले गर्नेछ ।<br>ख) यो संस्थाले सञ्चालन गरको आयोजना सम्बन्धी प्रसारण लाईन मुहान वा संरचनामा कसैले हानी नोक्सानी पारेमा सोको संरक्षणका लागि आवश्यक कानूनी प्रक्रिया मार्फत हानी नोक्सानी पार्ने उपर हानी नोक्सानी भएको विषेशज्ञबाट जाँच गराई सो को क्षतिपुर्ति भराई माग्न र आवश्यक कानूनी उपचारका लागि नेपाल सरकारको सम्बन्धित निकाय मार्फत कानूनी कारवाही लागि सिफारिस गरी कारवाही चलाउन सक्नेछ ।<br>ग) संस्थाको कार्य सञ्चालनमा खटिएका कर्मचारीद्धारा सेवाहरु प्रदान हुने काममा बाधा अवरोध सृजना गर्ने उपर समेत आवश्यक छानविन गरी कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस समेत गर्न सक्नेछ ।<br><br>परिच्छेद -१०<br>१०.१ सचिवालय :<br>क) यो संस्थाको दैनिक कार्य संञ्चालनका लागि कार्यकारीणी समितिबाट अध्यक्ष, सचिव र १ |

| साविक विधान-२०५७ | संसोधित विधान |
| --- | --- |
| दिनेछ ।<br>११.१.३. निर्वाचित सदस्य तथा पदाधिकारीहरुको कार्यावधि २ वर्षको हुनेछ ।<br>११.२. उम्मेदवार हुने अयोग्यता :<br>यस विधानको धारा ५.४ बमोजिम अयोग्यता भएको व्यक्ति कार्यकारी समितिको सदस्य तथा पदाधिकारीको पदमा उम्मेदवार हुन सक्ने छैन ।<br>११.२.१ कार्यकारी समिति सामुहिक वा व्यक्तिगत रुपले साधारण सभाप्रति उत्तरदायी रहनेछ ।<br>११.२.२.अविस्वास प्रस्ताव सम्बन्धमा :<br>कार्यकारी समितिको कुनै सदस्य वा पदाधिकारीले यस संस्था विरुद्ध कार्य गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउन खोजेको कुरा प्रमाणित हुन आएमा त्यस्तो सदस्य उपर साधारण सभामा मतदान गर्न पाउने सदस्यले लिखित प्रस्ताव कार्यकारी समिति समक्ष दर्ता गरी त्यस्तो प्रस्ताव सभामा पेश हुँदा दुई तिहाई सदस्यद्वारा पारित भएमा त्यस्तो सदस्य वा पदाधिकारी स्वतः हटेको मानिनेछ । तर जस उपर अविस्वासको प्रस्ताव दर्ता भएको हो, या जस उपर प्रस्ताव दर्ता गराइएको हो उसलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिइने छ ।<br><br>११.३ विधान संसोधन :<br>यो विधान संशोधन गर्नुपरेमा साधारण सभाको दुई तिहाई सदस्यको बहुमतले संशोधन प्रस्ताव पारित गर्नुपर्नेछ । संस्था दर्ता ऐन बमोजिम स्थानीय अधिकारीको स्वीकृति प्राप्त भएपछि मात्र संशोधन लागु हुनेछ ।<br>११.४. नियम विनियम बनाउने :<br>संस्थाको उद्देश्य प्राप्त गर्न प्रचलित ऐन, कानून र यस विधानसंग नबाझिने गरी कार्यकारी समितिले नियम विनियम बनाई लागु गर्न सक्नेछ ।<br>११.४.१ बचाउ“ :<br>यस अघि शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था को नामबाट भए गरेका सम्पूर्ण काम कारवाही यस विधान अनुसार भए गरे सरह मानिनेछ ।<br>११.५. स्वामित्व सर्ने :-<br>शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा | जना महिला सहित ३ जनाको सचिवालय गठन हुनेछ ।<br>ख) सो सचिवालयले दैनिक प्रशासन रेखदेख, नियन्त्रण, समन्वय र संस्थाको तर्फबाट गर्नुपर्ने अनुगमन, मूल्यांकन र निर्देशन गर्नेछ र सो को प्रतिवेदन कार्यसमितिलाई प्रत्येक बैठकमा टिपोट गर्नेछ ।<br>ग) सचिवालय सम्बन्धी व्यवस्था विनियममा तोके बमोजिम हुनेछ ।<br>घ) यस संस्थाको सचिवालय संस्थाको कार्यालय हाता भित्र हुनेछ ।<br><br>परिच्छेद-११<br>११.१ निर्वाचन सम्बन्धी व्यवस्था :<br>११.१.१ं निर्वाचन सम्बन्धी कार्यविधि कार्यसमितिले तोकेबमोजिम हुनेछ । यसका साथै सो कार्य विधि निर्वाचन सम्बन्धि कार्यविधिसंग नबाझिने गरि तोक्नु पर्नेछ ।<br>११.१.२. निर्वाचित सदस्य तथा पदाधिकारीहरुको कार्यावधि ३ वर्षको हुनेछ ।<br>११.२. उम्मेदवार हुने अयोग्यता :<br>यस विधानको धारा ५.४ बमोजिम अयोग्यता भएको व्यक्ति कार्यकारी समितिको सदस्य तथा पदाधिकारीको पदमा उम्मेदवार हुन सक्ने छैन ।<br>११.२.१ कार्यकारी समिति सामुहिक वा व्यक्तिगत रुपले साधारण सभाप्रति उत्तरदायी रहनेछ ।<br>११.२.२.अविस्वास प्रस्ताव सम्बन्धमा :<br>कार्यकारी समितिको कुनै सदस्य वा पदाधिकारीले यस संस्था विरुद्ध कार्य गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउन खोजेको कुरा प्रमाणित हुन आएमा त्यस्तो सदस्य उपर साधारण सभामा मतदान गर्न पाउने सदस्यले लिखित प्रस्ताव कार्यकारी समिति समक्ष दर्ता गरी त्यस्तो प्रस्ताव सभामा पेश हुँदा दुई तिहाई सदस्यद्वारा पारित भएमा त्यस्तो सदस्य वा पदाधिकारी स्वतः हटेको मानिनेछ । तर जस उपर अविस्वासको प्रस्ताव दर्ता भएको हो, या जस उपर प्रस्ताव दर्ता गराइएको हो उसलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिइने छ ।<br>११.३ विधान संसोधन :<br>यो विधान संशोधन गर्नुपरेमा साधारण सभाको |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| सरसफाई संस्था, पर्वतको सम्पूर्ण चल, अचल, जिन्सी खाता बही खानेपानी मूलका श्रोत, प्रशारण लाइन र सो संग सम्बन्धित सम्पूर्ण संरचना र कार्यालय समेतको स्वामित्व यस संस्थामा सर्नेछन् ।<br><br>११.६. कर्मचारी सम्बन्धी व्यवस्था :<br>यस संस्था अन्तरगतका कर्मचारिहरुको सम्पुर्ण सेवा, शर्त र सुबिधाहरु विनियममा व्यवस्था भए बमोजिम हुनेछ । संस्थाको कार्यलाई सुचारु रुपले सञ्चालन गर्न साथै कार्यालय व्यवस्थापन गर्नका लागि कर्मचारीहरुको थप दरवन्दी आवश्यक हुन गएमा आवश्यक दरबन्दी सिर्जना गरी प्रचलित नियम कानून बमोजिम प्रक्रिया पुऱ्याई कर्मचारी नियुक्त गर्न सक्नेछ ।<br><br>११.७. कुनै कर्मचारीलाई यस संस्थाको निश्चित काम गर्ने भनी जिम्मेवारी संस्थाले दिन सक्नेछ<br>११.८. संस्थाको विघटन :<br>संस्थाले विधान बमोजिम कार्य गर्न नसकी वा अन्य कुनै कारणले संस्था विघटन भएमा संस्थाको नाममा रहेको चल अचल श्रीसम्पत्ती र कानूनद्वारा श्रृजित दायित्व जलश्रोत ऐन, २०४९ र खानेपानी नियमावली २०५५ बमोजिम तोकिएको निकायमा सर्नेछ ।<br>११.९. व्याख्या गर्ने अधिकार :<br>यो विधानको व्याख्या गर्ने अधिकार प्रचलित ऐन कानून र यस विधानको सर्वमान्यतामा नवाझिने गरी कार्यकारी समितिलाई रहनेछ ।<br>११.१० निष्क्रिय हुने :<br>यस विधानमा लेखिएका कुराहरु प्रचलित कानूनसंग बाझिएको हदमा स्वत: निष्क्रिय भएको मानिनेछ ।<br><br>शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था कुश्मा पर्वतको २०६४ अन्तर्गत निर्वाचित कार्यसमिति तथा गठित सल्लाहकार समितिको नामवली :<br>१) अध्यक्ष : श्री कमलनाथ पोखरेल<br>२) उपाध्यक्ष : श्री चेतनारायण जोशी<br>३) सचिव : श्री तारानाथ शर्मा<br>४) कोषाध्यक्ष : श्री ज्ञानेन्द्र पहाडी | दुई तिहाई सदस्यको बहुमतले संशोधन प्रस्ताव पारित गर्नुपर्नेछ । जलश्रोत ऐन बमोजिम जिल्ला जलश्रोत समितिबाट पारित भएपछि मात्र संशोधन लागु हुनेछ ।<br>११.४. नियम विनियम बनाउने :<br>संस्थाको उद्देश्य प्राप्त गर्न प्रचलित ऐन, कानून र यस विधानसंग नबाझिने गरी कार्यकारी समितिले नियम विनियम बनाई लागु गर्न सक्नेछ ।<br>११.४.१ बचाउ" :<br>यस अघि शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था को नामबाट भए गरेका सम्पूर्ण काम कारवाही यस विधान अनुसार भए गरे सरह मानिनेछ ।<br>११.५. स्वामित्व सर्ने :-<br>शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था, पर्वतको सम्पूर्ण चल, अचल, जिन्सी खाता बही खाता, खानेपानी मूलका श्रोत, प्रशारण लाइन र सो संग सम्बन्धित सम्पूर्ण संरचना र कार्यालय समेतको स्वामित्व यस संस्थामा सर्नेछन् ।<br>११.६. कर्मचारी सम्बन्धी व्यवस्था :<br>यस संस्था अन्तरगतका कर्मचारिहरुको सम्पुर्ण सेवा, शर्त र सुबिधाहरु विनियममा व्यवस्था भए बमोजिम हुनेछ । संस्थाको कार्यलाई सुचारु रुपले सञ्चालन गर्न साथै कार्यालय व्यवस्थापन गर्नका लागि कर्मचारीहरुको थप दरवन्दी आवश्यक हुन गएमा आवश्यक दरबन्दी सिर्जना गरी प्रचलित नियम कानून बमोजिम प्रक्रिया पुऱ्याई कर्मचारी नियुक्त गर्न सक्नेछ ।<br>११.७. कुनै कर्मचारीलाई यस संस्थाको निश्चित काम गर्ने भनी जिम्मेवारी संस्थाले दिन सक्नेछ ।<br>११.८. संस्थाको विघटन :<br>संस्थाले विधान बमोजिम कार्य गर्न नसकी वा अन्य कुनै कारणले संस्था विघटन भएमा संस्थाको नाममा रहेको चल अचल श्री सम्पत्ती र कानूनद्वारा श्रृजित दायित्व जलश्रोत ऐन, २०४९ र खानेपानी नियमावली २०५५ बमोजिम तोकिएको निकायमा सर्नेछ ।<br>११.९. व्याख्या गर्ने अधिकार :<br>यो विधानको व्याख्या गर्ने अधिकार प्रचलित ऐन, कानून र यस विधानको सर्वमान्यतामा |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| **५)** सदस्य : श्री टेकनारायण कर्माचार्य<br>**६)** सदस्य : श्री खेमनाथ शर्मा<br>**७)** महिला सदस्य : श्री सरिता भण्डारी<br>**८)** महिला सदस्य : श्री लक्ष्मीकुमारी शर्मा<br>**९)** महिला सदस्य : श्री तुल्पा शाक्य<br>सल्लाहकार सदस्य :<br>श्री तोयनाथ चालिसे<br><br>श्री लोकनाथ आचार्य<br>श्री मिनप्रसाद श्रेष्ठ<br>श्री नारायण शर्मा<br>श्री बाबुराम जोशी<br><br>शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था पर्वतको विधान २०५७ लाई दोश्रो संशोधनका लागि मस्यौदा तयार गर्न गठीत विधान मस्यौदा उपसमिति २०६४/०६५ को नामावली :<br>१) संयोजक : श्री भोलानाथ शर्मा<br>२) सदस्य : श्री लक्ष्मीकान्त आचार्य<br>३) सदस्य : श्री तारानाथ शर्मा<br><br>अनुसूची-१,<br>संस्थाको छाप<br>(परिच्छेद-२, नियम २.२ (२.२.२.) संग सम्बन्धित) | नवाभि्कने गरी कार्यकारी समितिलाई रहनेछ ।<br><br>११.१० निष्क्रिय हुने :<br>यस विधानमा लेखिएका कुराहरु प्रचलित कानूनसंग बाभि्कएमा स्वत: निष्क्रिय भएको मानिनेछ ।<br><br>अनुसूची-१,<br><br>संस्थाको छाप<br>(परिच्छेद-२, नियम २.२ (२.२.२.) संग सम्बन्धित)<br><br>अनुसूची-२<br>शपथ<br>(परिच्छेद-७, नियम ७.२. (७.२.४) संग सम्बन्धित)<br>म ........................................ सत्य निष्ठा र इमान्दार पूर्वक यस शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको कार्यकारिणी .....................पदमा रही लोभ लालच र भयमा नपरि पदमा रही वा नरहेको अवस्थामा आधिकारीक व्यक्ति बाहेक अन्य व्यक्तिलाई जानकारी नदिने र नियम, कानून तथा विधानको परीधिभित्र रही काम गर्नेछु भनी समाज सेवा प्रति प्रतिबद्ध हुँदै यो शपथ लिन्छु ।<br>नाम :-<br>सही :-<br>पद :- |

| साविक विधान-२०५७ | संसोधित विधान |
|---|---|
| अनुसूची-२<br>शपथ<br>(परिच्छेद-७, नियम ७.२. (७.२.४) संग सम्बन्धित)<br>म ........................................ सत्य निष्ठापूर्वक ईश्वरको नाउँमा शपथ लिन्छु कि यस शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको कार्यकारिणी .............................मा रही लोभ, भय, लालचा नगरी पदमा रही वा नरहेको अवस्थामा आधिकारीक व्यक्ति बाहेक अन्य व्यक्तिलाई जानकारी नदिने र नियम, कानून, विधानको परीधिभित्र रही काम गर्नेछु भनी सत्य निष्ठा पूर्वक ईश्वरको नाउँमा शपथ लिन्छु ।<br>नाम :-<br>सही :-<br>पद :-<br>मिति :- | मिति :-<br><br>अनुसुची-३<br>(परिच्छेद ३ को संस्थाको उद्देश्य अन्तर्गतको दफा ३.१.८ संग सम्बन्धित)<br>मिति :<br>श्रीमान् अध्यक्ष ज्यू,<br>शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था<br>विषय : धारा जडान गरिपाउँ ।<br>महोदय,<br>प्रस्तुत विषयका सम्बन्धमा त्यस संस्थाद्वारा वितरण हुने खानेपानी .............न.पा./गा.वि.स. वडा नं. ........ स्थित ......................... टोलमा बस्ने म ..........................को घर नं. .........मा हाल सम्म खानेपानीको धारा जडान नभएको हुँदा त्यस संस्थाद्वारा माग गरिएका आवश्यक कागजातहरु यसै साथ संलग्न राखी ................को १ थान खानेपानीको धारा जडान गरिदिनु हुन सादर अनुरोध छ ।<br>पुनश्च : धारा जडान भए पश्चात त्यस संस्थाद्वारा जारी गरिएका सम्पूर्ण नीति निर्देशन र भविष्यमा जारी हुने जुन सुकै नीति नियमको पालना गर्नेछु । पालना नगरेमा संस्थाले दिने जुनसुकै सजाँयको भागीदार बन्न मेरो मञ्जुरी छ ।<br>धारा जडान निवेदनमा संलग्न गर्नुपर्ने कागजातहरु :<br>१.जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि थान १<br>२.नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान १<br>३.अन्य<br>धारा जडान गर्ने स्थानको नक्सा<br>उ.<br><br>औठाको छाप<br>दाँ \| बाँ<br><br>निवेदकको<br>नाम थर :<br>ठेगाना :<br>घर नं. :<br>हस्ताक्षर : |

| साविक विधान-२०५७ | संसोधित विधान |
| --- | --- |
| **अनुसुची-३**<br>(परिच्छेद ३ को संस्थाको उद्देश्य अन्तर्गतको दफा ३.१.८ संग सम्बन्धित)<br>मिति :<br>श्रीमान् अध्यक्ष ज्यू,<br>शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था<br>विषय : धारा जडान गरिपाउँ ।<br>महोदय,<br>प्रस्तुत विषयका सम्बन्धमा त्यस संस्थाद्वारा वितरण हुने खानेपानी .............न.पा./गा.वि.स. वडा नं. ........ स्थित ......................... टोलमा बस्ने म ..........................को घर नं. .........मा हाल सम्म खानेपानीको धारा जडान नभएको हुँदा त्यस संस्थाद्वारा माग गरिएका आवश्यक कागजातहरु यसै साथ संलग्न राखी ................को १ थान खानेपानीको धारा जडान गरिदिनु हुन सादर अनुरोध छ ।<br>पुनश्च : धारा जडान भए पश्चात त्यस संस्थाद्वारा जारी गरिएका सम्पूर्ण नीति निर्देशन र भविष्यमा जारी हुने जुन सुकै नीति नियमको पालना गर्नेछु । पालना नगरेमा संस्थाले दिने जुनसुकै सजाँयको भागीदार बन्न मेरो मञ्जुरी छ ।<br>धारा जडान निवेदनमा संलग्न गर्नुपर्ने कागजातहरु :<br>१.जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि थान १<br>२.नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान १<br>३.अन्य<br>धारा जडान गर्ने स्थानको नक्सा<br>उ.<br>________________<br>________________<br>औठाको छाप<br>दाँ \| बाँ<br>निवेदकको<br>नाम थर :<br>ठेगाना :<br>घर नं. :<br>हस्ताक्षर : | **अनुसुची-४**<br>(परिच्छेद ३ को संस्थाको उद्देश्य अन्तर्गतको दफा ३.१.८ संग सम्बन्धित)<br>मिति :<br>श्रीमान् अध्यक्ष ज्यू,<br>शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था<br>विषय : धारा नामसारी गरिपाउँ ।<br>महोदय,<br>प्रस्तुत विषयका सम्बन्धमा त्यस संस्थाद्वारा वितरित .............ग्राहक नं. ........को........... धारा ................ न.पा./गा.वि.स. वडा नं. ...... स्थित ........... टोल निवासी श्री ................................को नाउँमा जडान भएको धारा यसै निवेदनमा संलग्न कागजात बमोजिम संस्थाको नियमानुसारको शुल्क लिई म .......... न.पा./गा.वि.स. वडा नं. ......मा बस्ने ..................... को नाउँमा नामसारी गरिदिनु हुन अनुरोध छ ।<br>संलग्न कागजातहरु :<br>१.<br>२.<br>३.<br>४.<br>निवेदकको<br>नाम थर :<br>ठेगाना :<br>घर नं. :<br>हस्ताक्षर : |

<table>
<tr><th>साविक विधान-२०५७</th><th>संसोधित विधान</th></tr>
<tr><td>
अनुसुची-४<br>
(परिच्छेद ३ को संस्थाको उद्देश्य अन्तर्गतको दफा ३.१.८ संग सम्बन्धित)<br>
मिति :<br>
श्रीमान् अध्यक्ष ज्यू,<br>
शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था<br>
विषय : धारा नामसारी गरिपाउँ ।<br>
महोदय,<br>
प्रस्तुत विषयका सम्बन्धमा त्यस संस्थाद्वारा वितरित .............ग्राहक नं. ........को.......... धारा ................ न.पा./गा.वि.स. वडा नं. ...... स्थित .......... टोल निवासी श्री ...............................को नाउँमा जडान भएको धारा यसै निवेदनमा संलग्न कागजात बमोजिम संस्थाको नियमानुसारको शुल्क लिई म ......... न.पा./गा.वि.स. वडा नं. ......मा बस्ने .................... को नाउँमा नामसारी गरिदिनु हुन अनुरोध छ ।<br>
संलग्न कागजातहरु :<br>
१.<br>
२.<br>
३.<br>
४.<br>
निवेदकको<br>
नाम थर :<br>
ठेगाना :<br>
घर नं. :<br>
हस्ताक्षर :
</td><td>
अनुसुची-५<br>
(परिच्छेद ३ को संस्थाको उद्देश्य अन्तर्गतको दफा ३.१.८ संग सम्बन्धित)<br>
मिति :<br>
श्री प्रबन्धक ज्यू,<br>
शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था<br>
विषय : मर्मत गरिपाउँ/मिटर परिवर्तन गरिपाउँ ।<br>
महोदय,<br>
प्रस्तुत विषयका सम्बन्धमा .............. न.पा./गा.वि.स. वडा नं. ............................टोलमा त्यस संस्थाद्वारा वितरीत खानेपानीको धारा मर्मत गर्नुपर्ने/मिटर परिर्वतन गर्नुपर्ने भएकाले नियमानुसार लाग्ने सेवा शुल्क लिई मेरो नाउँमा रहेको ग्राहक नं. .............को धारा मर्मत गराईदिनु हुन/मिटर परिर्वतन गराइदिनुहका लागि बिनम्र अनुरोध गर्दछु ।<br>
निवेदकको<br>
नाम थर :<br>
ठेगाना :<br>
घर नं. :<br>
एरीया नं.<br>
ग्राहक नं :<br>
टोल :<br>
हस्ताक्षर :
</td></tr>
</table>

| साविक विधान-२०५७ | संसोधित विधान |
| --- | --- |
| अनुसुची-५<br>(परिच्छेद ३ को संस्थाको उद्देश्य अन्तर्गतको दफा ३.१.८ संग सम्बन्धित)<br>मिति :<br>श्रीमान् प्रबन्धक ज्यू,<br>शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था<br><br>विषय : मर्मत गरिपाउँ/मिटर परिवर्तन गरिपाउँ ।<br>महोदय,<br>प्रस्तुत विषयका सम्बन्धमा .............. न.पा./गा.वि.स. वडा नं. ......... र ..................टोलमा त्यस संस्थाद्वारा वितरीत खानेपानीको ............धारा मर्मत गर्नुपर्ने/मिटर परिर्वतन गर्नुपर्ने भएकाले नियमानुसार लाग्ने सेवा शुल्क लिई मेरो नाउँमा रहेको ग्राहक नं. .............को धारा मर्मत गराईदिनु हुन/मिटर परिर्वतन गराइदिनुहका लागि बिनम्र अनुरोध गर्दछु ।<br>निवेदकको<br>नाम थर :<br>ठेगाना :<br>घर नं. :<br>एरीया नं.<br>ग्राहक नं :<br>टोल :<br>हस्ताक्षर : | अनुसुची-६<br>(परिच्छेद ३ को संस्थाको उद्देश्य अन्तर्गतको दफा ३.१.८ संग सम्बन्धित)<br>मिति :<br>श्रीमान् अध्यक्ष ज्यू,<br>शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था<br><br>विषय : ठाउँसारी गरिपाउँ ।<br>महोदय,<br>प्रस्तुत विषयका सम्बन्धमा त्यस संस्थाबाट वितरित ग्राहक नं. ...........को खानेपानी ............धारा हालसम्म ....................स्थित ...............टोल क्षेत्रबाट सेवा लिइ रहेकोमा हाल आएर उल्लेखित ठाउँमा रहेको वितरण लाइनमा अवरोध खडा भएकोले/बसाइ सर्नु परेकोले ......... न.पा./गा.वि.स. वडा ..... टोल .................मा मेरो नाउँमा रहेको धारा नियमानुसारको शुल्क लिई ठाउँसारी गराइ पाउँन आवश्यक कागजातहरु यसै निवेदनका साथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।<br><br>निवेदकको<br>नाम थर :<br>ठेगाना :<br>घर नं. :<br>एरीया नं.<br>ग्राहक नं :<br>टोल :<br>हस्ताक्षर |

| साविक विधान-२०५७ | संसोधित विधान |
| --- | --- |
| अनुसुची-६<br>(परिच्छेद ३ को संस्थाको उद्देश्य अन्तर्गतको दफा ३.१.८ संग सम्बन्धित)<br><br>श्रीमान् अध्यक्ष ज्यू, मिति :<br>शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था<br><br>विषय : ठाउँसारी गरिपाउँ ।<br>महोदय,<br>प्रस्तुत विषयका सम्बन्धमा त्यस संस्थाबाट वितरित ग्राहक नं. ...........को खानेपानी ............धारा हालसम्म ....................स्थित ...............टोल क्षेत्रबाट सेवा लिइ रहेकोमा हाल आएर उल्लेखित ठाउँमा रहेको वितरण लाइनमा अवरोध खडा भएकोले/बसाइ सर्नु परेकोले .......... न.पा./गा.वि.स. वडा ..... टोल ................मा मेरो नाउँमा रहेको धारा नियमानुसारको शुल्क लिई ठाउँसारी गराइ पाउँन आवश्यक कागजातहरु यसै निवेदनका साथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।<br><br>निवेदकको<br>नाम थर :<br>ठेगाना :<br>घर नं. :<br>एरीया नं.<br>ग्राहक नं :<br>टोल :<br>हस्ताक्षर | शिवालय खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था कुश्मा पर्वतको २०६७ अन्तर्गत निर्वाचित कार्यसमिति तथा गठित सल्लाहकार समितिको नामवली :<br>१) अध्यक्ष : श्री कमलनाथ पोखेल<br>२) उपाध्यक्ष : श्री मानकुमारी गिरी<br>३) सचिव : श्री तारानाथ शर्मा<br>४) कोषाध्यक्ष :श्री ज्ञानेन्द्र पहाडी<br>५) महिला सदस्य : श्री मिना कर्मचार्य<br>६) महिला सदस्य : श्री लक्ष्मीकुमारी शर्मा<br>७) महिला सदस्य : श्री देवी श्रेष्ठ<br>८) सदस्य : श्री हरिनारायण उपाध्याय<br>९) सदस्य : श्री एकनारायण गिरी<br><br>सल्लाहकार सदस्यहरु :<br>श्री तोयनाथ चालिसे<br>श्री शेरबहादुर आचार्य<br>श्री रामप्रसाद आचार्य<br>श्री टेकबहादुर जोशी<br>श्री सोमबहादुर नेपाली<br><br>शिवालय कुश्मा खानेपानी उपभोक्ता तथा सरसफाई संस्था पर्वतको विधान २०५७ को तेश्रो संशोधनका लागि मस्यौदा तयार गर्न गठीत विधान मस्यौदा उपसमिति २०६७/०६८ को नामावली :<br>१) संयोजक : श्री तारानाथ शर्मा<br>२) सदस्य : श्री भोलानाथ शर्मा<br>३) सदस्य : श्री नारायण शर्मा<br>४) सदस्य : श्री मानकुमारी गिरी<br>५) सदस्य सचिव : श्री राजेन्द्र रोका |
| | |